भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि.
च्याम्हासिंह-९, भक्तपुर, फोन नं. ६६१४६८६
३ महिने आधुनिक बाँसुरी बाजा प्रशिक्षणसम्बन्धी सूचना
तालिम कार्यक्रम
तालिम सुरु : २०८१ वैशाख २३ देखि
समय : बेलुकी ५:३० बजेदेखि
दर्ता शुल्क : रू. १५००।–
अन्तिम दर्ता मिति : २०८१ वैशाख २१ गते
सङ्ख्या : ३० जना
स्थान : संस्थामै
सहभागी उमेर : १२ वर्षमाथि
आयोजक
सांस्कृतिक उपसमिति

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६
भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily
दैनिक
Website : www.onlinemajdoor.com

श्रमिकको अधिकार सुनिश्चित गरौं
➢ श्रम र श्रमिकको सम्मान गरौं।
➢ श्रमको उचित मुल्य प्रदान गरौं, श्रम शोषणको अन्त्य गरौं।
➢ कामदारको सुरक्षा र स्वास्थ्यमा लगानी गरौं।
➢ श्रमिकको सामाजिक सुरक्षा सुनिश्चित गरौं।
➢ मर्यादित श्रमको प्रवर्द्धन गरौं।
➢ उद्योग प्रतिष्ठानमा सुरक्षित कार्यवातावरण सुनिश्चित गरौं।
➢ श्रमिक र रोजगारदाताबीच सौहाद्रपूर्ण सम्बन्ध कायम गरौं।
➢ श्रमिकको योगदानको कदर गरौं।
"श्रमको सम्मान, राष्ट्रको अभियान"
अन्तराष्ट्रिय श्रमिक दिवस भव्य रुपमा मनाऔं।
नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष : २६ ★ अङ्क : ९८ ★ ने. सं. ११४४ चौला गा, सप्तमी ★ मङ्गलबार ★ १८ वैशाख, २०८१ ★ April 30, 2024, Tuesday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

### ख्वप अस्पताल सञ्चालन चौथो वर्षमा प्रवेश

## ख्वप अस्पतालबाट राष्ट्रिय स्तरको सेवा प्रदान




भक्तपुर, १७ वैशाख । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले चिकित्सकहरूले संसारका राम्रा राम्रा डाक्टरहरूको योगदानबाट सिक्दै जनताको सेवाभावले काम गर्न प्रेरित गर्नुभयो ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पताल सञ्चालनको चौथो वर्षमा प्रवेश गरेको अवसरमा आयोजित कार्यक्रममा अध्यक्ष बिजुक्छेँले ख्वप अस्पताल नगर अस्पतालको रूपमा सञ्चालन भए पनि देशभरिका नागरिकहरूलाई राष्ट्रिय स्तरको स्वास्थ्य सेवा प्रदान गरिरहेको बताउनुभयो ।

आफ्नो पेसागत जिम्मेवारी सँगसँगै समाज र देशको हितमा काम गर्नुपर्छ भन्दै उहाँले चिकित्सकहरूले बिरामीहरूसँग मित्रवत् व्यवहार र जनताले बुझ्ने भाषामा सेवा दिनुपर्छ भन्नुभयो ।

उहाँले नेपालका दक्ष जनशक्ति विदेश पठाउने दलाली काम सरकारी संयन्त्रबाटै भइरहेको बताउँदै युवा पुस्ता दक्ष र इमानदार भए जुनसुकै क्षेत्रमा इमानदारीपूर्वक काम गर्छन् भन्नुभयो ।

महँगो विद्यालयले मात्र राम्रो शिक्षा दिने कुरा गलत भएको उल्लेख गर्दै उहाँले नयाँ पुस्तालाई युग सुहाउँदो र दक्ष बनाउन विद्यालयको जग बलियो बनाउनुपर्ने बताउनुभयो । उहाँले विद्यार्थीहरूलाई असल संस्कार विद्यालयस्तरबाट सिकाउन सके समाजलाई सभ्य र सुसंस्कृत बनाउन मद्दत पुऱ्याउने बताउनुभयो ।

कार्यक्रमका सभापति एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले २०३० सालमा जनस्वास्थ्य सेवा केन्द्रको रूपमा सञ्चालन भई हाल १०० शय्याको ख्वप अस्पताल सञ्चालन गर्दा धेरै आरोह अवरोहहरू पार गरिसकेको स्मरण गर्दै अस्पतालले जनताको नि:स्वार्थपूर्वक सेवा गर्ने उद्देश्यले काम गर्दै आइरहेको बताउनुभो ।

उहाँले ख्वप अस्पतालप्रति जनताको आस्था र विश्वास भएकै कारण अस्पतालले गुणस्तरीय सेवा प्रवाह गर्न सफल भएको उल्लेख गर्दै भक्तपुर नपामा स्वास्थ्य बीमा कार्यक्रम हुँदा बिरामीहरूले सहज र सुलभरूपमा सेवा पाइरहेको बताउनुभयो ।

चिकित्सक अभावका कारण अस्पतालहरूले राम्रोसँग सेवा दिन नसकिरहेको वर्तमान अवस्थामा स्वास्थ्य क्षेत्रजस्तो संवेदनशील क्षेत्रका जनशक्तिलाई नेपालमै बसेर काम गर्ने अवसरहरू सरकारले सिर्जना गर्नुपर्छ भन्नुभयो ।

वाग्मती प्रदेशसभा सदस्य सृजना सैंजुले ख्वप अस्पताल भक्तपुरको स्वास्थ्य क्षेत्र विकासमा उल्लेखनीय इतिहास बोकेको अस्पताल भएको चर्चा गर्दै जनताको सेवा गर्ने भावनाले काम गर्न सके जनगुनासो कम हुँदै जाने बताउनुभयो ।

उहाँले अस्पतालले भौतिक संरचना, गुणस्तरीय मेडिकल सेवा सँगसँगै युग सुहाउँदो जनशक्ति व्यवस्थापनतर्फ पनि जोड दिनुपर्ने उल्लेख गर्दै अखाद्य वस्तुको उपभोगले जनस्वास्थ्यमा नकारात्मक असर पुगिसकेको तर्फ सबै सजग हुनुपर्ने बताउनुभयो ।

दक्ष जनशक्तिको परिचालनमा राज्य नै जिम्मेवार ढङ्गले अगाडि बढ्नुपर्नेमा जोड दिँदै उहाँले नसर्ने रोगको जोखिमलाई कम गर्न जनचेतनाको आवश्यकता रहेको बताउनुभयो ।

भक्तपुर नगरपालिकका उपप्रमुख रजनी जोशीले स्वास्थ्य संस्था संवेदनशील क्षेत्र भएको हुँदा त्यहाँका कार्यरत चिकित्सक तथा कर्मचारीहरूले सावधानीपूर्वक काम गर्नुपर्ने आवश्यकता औँल्याउँदै स्वास्थ्य सेवामा आबद्ध जनशक्तिले सामाजिक दायित्व निर्वाह गर्नेतर्फ ध्यान दिनुपर्ने बताउनुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराईले अस्पतालबाट प्रवाह हुने सेवा सुविधाहरू प्रविधिमैत्री हुनुपर्ने र नयाँ कार्यशैली अपनाउँदै अगाडि बढ्नुपर्ने धारणा राख्नुभयो ।

कार्यक्रममा ख्वप अस्पतालका निमित्त मेडिकल डाइरेक्टर डा. मजेशप्रताप मल्ल, इन्टरनल मेडिसिन डा. अमर प्रजापति र डा. रत्नसुन्दर लासिवाले ख्वप अस्पताल सञ्चालनको इतिहास, उद्देश्य र अस्पतालबाट प्रवाहित सेवासुविधाबारे अवगत गराउनुभयो ।

### विद्युत् सवस्टेसनको विरोधमा बिरूवाका

## घिमिरे टोलका जनता एकजुट हुँदै

भक्तपुर, १७ वैशाख । भक्तपुर जिल्लाको सूर्यविनायक नगरपालिका वडा नं. १ स्थित बिरूवा घिमिरे टोलका बासिन्दाहरूले नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालसँग सोमबार भेट गरी सो स्थानमा नेपाल विद्युत् प्राधिकरणबाट राखिन लागेको विद्युत् सवस्टेसनको कारण स्थानीय ११ घर परिवार विस्थापन हुने जनगुनासो राख्दै सो स्थानबाट विद्युत् सबस्टेसन हटाएर पूर्वतर्फको प्लटिङ क्षेत्र वा माथि डाँडाको मैदानमा स्थानान्तरण गर्न आवश्यक पहल गरिदिन आग्रह गरे ।

साढे चारसय वर्षदेखि सो स्थानमा बसोबास गर्दै आएका घिमिरे बस्तीको माझमा विद्युत् सवस्टेसन राख्ने प्राधिकरणको प्रस्ताव आफूहरूलाई स्वीकार नभएको उल्लेख गर्दै स्थानीय ७०-८० जना ज्येष्ठ नागरिक, बुद्धिजीवी, किसान, मजदुर जनताले सांसद सुवालको ध्यानाकर्षण गरे ।

सांसद सुवालले जनताको बस्ती बिचमा विद्युत्को सवस्टेसन राख्न नहुने विषयलाई सरकारको सम्बन्धित अधिकारीसम्म पुऱ्याउने उल्लेख गर्दै काठमाडौं उपत्यकामा बसाइँसराइ रोकेर जिल्ला जिल्लामा काठमाडौँको सेवा सुविधा पुऱ्याई देशको सन्तुलित विकास गर्न सरकारको ध्यानाकर्षण गराइरहेको बताउनुभयो ।

बस्तीको वरिपरि खेतीको लागि जग्गा बाँकी राख्नु जरूरी भएको उल्लेख गर्दै सांसद सुवालले विषादी भएको भारतीय तरकारी ल्याएर खानुपर्ने अवस्था अन्त्य गर्नुपर्नेमा जोड दिनुभयो ।

एमसीसी सम्झौता बहुमतबाट पारित गरिएपछि नेपालको जलविद्युत् सिधै भारत लाने बाटो खुलेको उल्लेख गर्दै सांसद सुवालले अमेरिकी कानुन र नीति पालना गर्नुपर्ने एमसीसी सम्झौता नेपाली जनताको हितमा नभएको र खोकना र बुङमतीका जनता पनि द्रुतमार्ग र विद्युत् सवस्टेसनबाट पीडित भएको हुँदा सङ्घर्ष गरिरहेको बताउनुभयो ।

काभ्रेको लप्सीफेदीका जनता पनि एमसीसीअन्तर्गतको विद्युत् सबस्टेसनको विरोधमा सङ्घर्ष गरिरहेको उल्लेख गर्दै सांसद सुवालले विद्युत् ग्रीडको स्वीच दिल्लीमा राख्ने सार्कस्तरीय जलविद्युत् सम्झौता र सौर्य ऊर्जा उत्पादन गर्न पनि दिल्लीको सहमति चाहिने सौर्य गठबन्धन सम्झौता पनि संसद्को बहुमतबाट पारित गरिएको तर नेपाल मजदुर किसान पार्टीले विपक्षमा मत दिएको बताउनुभयो ।

### मजदुर दिवसको अवसरमा

## दैलेखमा कोणसभा र प्रशिक्षण

दैलेख, १७ वैशाख । नेपाल मजदुर किसान पार्टी दैलेख जिल्ला समितिले १३५ औं अन्तर्राष्ट्रिय मजदुर दिवसको अवसरमा सोमबार बिन्द्रासैनीमा प्रशिक्षण कार्यक्रम गर्यो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टी कर्णाली प्रदेश संयोजक सरोजराज गोसाईले सर्वहारावर्गका महान् गुरु एङ्गेल्सको प्रस्तावमा कम्युनिस्टहरूले नै अन्तर्राष्ट्रिय मजदुर दिवस सन् १८८९ देखि मनाउन थालेको बताउनुभयो ।

मजदुरहरूको वास्तविक मुक्तिका निम्ति कम्युनिस्टहरूले मजदुर दिवसको अवसरमा इतिहासको गहिरो अध्ययनबाट सिक्ने गरेको बताउँदै संयोजक गोसाईले पुँजीवादी पार्टीका मजदुर सङ्गठनहरूले मजदुर दिवसलाई मनोरञ्जनको रूपमा मनाउँदै मालिकहरूसँग सौदाबाजी गरिरहेका छन् भन्नुभयो ।

क्रान्ति हुन नदिन विदेशी पुँजीको आडभरोसामा नेपाली शासकहरूले नेपालमा औद्योगिकीकरण हुन नदिएको चर्चा गर्दै संयोजक गोसाईले विदेश पलायन भएका नेपाली युवाहरूले राजनीतिक अधिकार नपाएको स्पष्ट पार्नुभयो ।

नेमकिपा जिल्ला अध्यक्ष जगत ओलीको सभापतित्वमा सम्पन्न कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य जग्यबहादुर शाही, हरिसुन्दर बासी, सुरेन्द्रबहादुर शाहीले शुभकामना दिनुभयो ।

त्यस्तै नेपाल मजदुर किसान पार्टी चामुन्डा विन्द्रासैनी नगर समितिले सोमबार जम्बुकाँध बजारमा जुलुस तथा कोणसभा गर्यो ।

कोणसभामा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य जग्यबहादुर शाहीले मजदुरहरूको सङ्घर्षबारे उल्लेख गर्दै स्थानीय पालिकाको खानेपानी आयोजनामा काम गरेका मजदुरहरूलाई वर्षौंदेखि पारिश्रमिक नदिएको चर्चा गर्नुभयो । उहाँले ती मजदुरहरूलाई समयमै पारिश्रमिक दिनुपर्छ भन्नुभयो ।

गाउँका बालबालिकाहरूले आफ्नै गाउँमा पढ्न पाउनुपर्नेमा जोड दिँदै केन्द्रीय सदस्य शाहीले चामुन्डा विन्द्रासैनी नगरपालिकाले विद्यालय समायोजनको नाममा शिक्षा नियोजन गरिएको बताउनुभयो । विद्यार्थी अभाव भन्दै विद्यालय समायोजन गर्दा विद्यार्थीहरू पलायन भएको उल्लेख गर्दै उहाँले विद्यालय समायोजन गर्दा नगर प्रमुखले कार्यपालिका सदस्य र सरोकारवाला पक्षसँग परामर्श नगरेकोमा विरोध गर्नुभयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य हरिसुन्दर बासी, निरकबहादुर शाही, इन्द्रप्रसाद चौलागाई, धनकुमारी शाही र सुरेन्द्रबहादुर शाहीले मजदुर दिवसको महत्त्वबारे स्पष्ट पार्नुभयो ।

## ट्रेड युनियनवादविरुद्ध मजदुरहरू क्रियाशील हुनुपर्ने

भक्तपुर, १७ वैशाख । नेपाल मजदुर किसान पार्टी नगर समिति भक्तपुरको आयोजनामा सोमबार अगुवा पार्टी कार्यकर्ताहरूको भेला भयो ।

भेलामा नेमकिपाका केन्द्रीय सदस्य सुरेन्द्रराज गोसाईले नेमकिपाले साम्राज्यवाद र जातीय नरसंहारविरूद्ध प्यालेस्टिनी जनताको पक्षमा सङ्घर्ष गर्दै आएको बताउनुभयो ।




संरा अमेरिकाले ताइवानलाई पैसा, सेना र हातहतियार उपलब्ध गराएर चीनको विरोधमा उक्साइरहेको उल्लेख गर्दै उहाँले भन्नुभयो, "केही वर्षअघि अमेरिकाले जीवाणु युद्ध गऱ्यो । चीनमाथि व्यापार युद्ध गऱ्यो । नेमकिपा साम्राज्यवाद, अतिक्रमण र भारतीय एकाधिकार पुँजीको विरूद्ध सङ्घर्षरत छ ।"

ट्रेड युनियनवादविरूद्ध मजदुरहरू क्रियाशील हुनुपर्ने आवश्यकता औंल्याउँदै उहाँले इजरायलले प्यालेस्टिनमाथि गरेको आक्रमण र नरसंहार, साम्राज्यवादी देश अमेरिकाको साथ र सहयोगमा युक्रेनमा बन्दुक बिसाएर रूसमाथि गरेको आक्रमणको विरोधमा संसारका कामदार जनता एकत्रित हुनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

कार्यकर्ताहरू देश विदेश जहाँ रहे पनि देश र जनताको पक्षमा आवाज उठाउनुपर्ने आवश्यकता औँल्याउँदै उहाँले देशभक्त कार्यकर्ताले जनताका सन्तानलाई देशभक्तिपूर्ण शिक्षा दिने विचार व्यक्त गर्नुभयो ।

पुँजीवादी व्यवस्थामा बेलाबखत आर्थिक सङ्कट आउने विश्व सर्वहारावर्गका नेता मार्क्सको धारणा सत्य साबित भइरहेको चर्चा गर्दै उहाँले पुँजीवादी व्यवस्था अन्त्य गर्न कम्युनिस्टहरू अघि बढिरहने विश्वास व्यक्त गर्नुभयो ।

अन्तर्राष्ट्रिय श्रमिक दिवसलाई देशघाती सम्झौता, जनविरोधी ऐन-कानुनको विरोधमा जनतालाई सचेत पार्ने दबुको रूपमा उपयोग गर्नुपर्ने चर्चा गर्दै उहाँले विदेशीहरूलाई लगानी गर्न दिएर देशको आम्दानी या सम्पत्ति विदेश पठाउने चाल हो भन्नुभयो ।

भनपाका उपप्रमुख रजनी जोशीले नेमकिपाले मार्क्सवाद-लेनिनवाद र माओ विचारधारालाई पथप्रदर्शक मानी राजनीति गरिरहेको चर्चा गर्दै मजदुरहरूको अधिकार प्राप्तिको लागि सङ्घर्ष गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

नेमकिपाका जनप्रतिनिधिहरूले पार्टीको निर्वाचन घोषणापत्रअनुसार काम गरिरहेको प्रसङ्ग उल्लेख गर्दै उहाँले नेमकिपाले सबैखाले अवसरवाद र संशोधनवादको विरोधमा सैद्धान्तिक सङ्घर्ष गरिरहेको बताउनुभयो ।

नेमकिपा नगर समिति भक्तपुरका अध्यक्ष नारायणबहादुर दुवालले राजनीतिक चेतना दिई पार्टी सङ्गठन विस्तार गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

भेलामा नेपाल क्रान्तिकारी मजदुर सङ्घ जिल्ला समिति भक्तपुरका अध्यक्ष उपेन्द्र सुवाल र नेपाल क्रान्तिकारी मजदुर सङ्घका गणेशप्रसाद सुवालले सङ्घर्षविना अधिकार प्राप्त गर्न नसकिने विचार व्यक्त गर्नुभयो ।



**आलु खन्दै किसान :**
काभ्रेपलाञ्चोकको पनौती नगरपालिका वडा नं. ९ खोपासीस्थित खेत फाँटमा आलु खन्दै किसान । यसपालि पर्याप्त मात्रमा वर्षा नभएका कारण आलु उत्पादनमा कमी आएको किसान बताउँछन् । *तस्बिर : पेमा लामा/ रासस*

# आगलागी र डढेलोबाट नागरिकको जीउधनको सुरक्षा गर्न माग

काठमाडौँ, १७ वैशाख (रासस) । राष्ट्रिय मानव अधिकार आयोगले आगलागी तथा डढेलोको जोखिम न्यूनीकरण गर्नका लागि प्रभावकारी कदम चाल्न सरकारसँग माग गरेको छ ।

आयोगका प्रवक्ता डा. टीकाराम पोखरेलले सोमबार जारी गरेको प्रेस विज्ञप्तिमा आगलागी नियन्त्रणमा प्रयोग हुने सामग्री तथा सुरक्षा उपकरण, तालिम, पूर्वतयारी, सुरक्षा, प्रतिकार्यलगायतका विषयमा उचित व्यवस्था गर्न सरकारसँग माग गरेको हो ।

आयोगले यससम्बन्धी आमसञ्चार माध्यममार्फत सचेतनामूलक सामग्रीको प्रकाशन तथा प्रसारण गर्न समेत आग्रह गरेको छ । पछिल्ला केही दिनदेखि देशका विभिन्न भागमा आगलागी र डढेलोका घटनाबाट नागरिकको जीउधनको क्षति भइरहेको छ । आयोगले विभिन्न माध्यमबाट अनुगमन गरिरहेको जनाएको छ ।

महोत्तरी जिल्लाको मटिहानी नगरपालिका-६, जरलहवा टोलमा २०८१ साल वैशाख १२ गते भएको आगलागीबाट ९१ कच्ची र नौवटा अर्धपक्की गरी एक सयवटा घर जलेका थिए । उक्त घटनाबाट चार सय ५५ जना प्रभावित भएका छन् । पछिल्लो २४ घण्टामा देशका विभिन्न जिल्लाका ४९ स्थानमा आगलागी र ४८ स्थानमा डढेलो लाग्दा एकजनाको मृत्यु हुनुको साथै चारजना घाइते भएका छन् ।

घटनापश्चात् तत्कालै राहत व्यवस्थापन हुन नसक्दा पीडित थप समस्यामा परेको देखिएको छ । विगत एक वर्षमा आगलागी तथा डढेलोबाट एक सय १४ जनाको मृत्यु भएको, पछिल्लो एक महिनामा १४ जनाको आगलागी र आठजनाको डढेलोमा परी मृत्यु भएको आयोगको जानकारीमा रहेको उल्लेख छ ।

सुरक्षाकर्मी तथा स्थानीयवासी पूर्वतयारी तथा पर्याप्त सुरक्षा उपकरणविना आगलागी नियन्त्रणमा परिचालित हुँदा मानवीय क्षति भएको पाइएको आयोगको भनाइ छ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसम्बन्धी कार्यक्रम अत्यन्त न्यून रूपमा भएको र भएका पनि सहर केन्द्रित भएको देखिएको छ ।

विपद्का कारण नागरिकको जीउधनको सुरक्षा हुन नसक्दा मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८ को धारा, ३ मा उल्लिखित प्रत्येक व्यक्तिको जीवनको सुरक्षाको अधिकार, नेपालको संविधानको धारा, १६ मा उल्लिखित सम्मानपूर्वक बाँच्न पाउने हक तथा धारा, २५ मा उल्लिखित नागरिकले आफ्नो सम्पत्तिको उपभोग गर्न पाउने मौलिक हकको संरक्षण हुन नसकेको आयोगले जनाएको छ ।

# तातो हावाको लहर अझै बढ्ने

काठमाडौँ, १७ वैशाख । विगत केही दिनदेखि देशका अधिकांश भू-भागको अधिकतम तथा न्यूनतम तापक्रम क्रमिकरूपमा वृद्धि भइरहेकाले तातो हावाको लहर अझै बढ्ने भएको छ ।

लुम्बिनी प्रदेशका तराई भू-भागका केही स्थानमा विगत केही दिनदेखि अधिकतम तापक्रम ४० डिग्री सेल्सियस वा सोभन्दा बढी मापन गरिएको जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । यो क्रम वैशाख २० गतेसम्म जारी रहने मौसमविद्ले बताएका छन् ।

आगामी केही दिनसम्म देशभरको तापक्रमको अवस्थाको विश्लेषणअनुसार तराईका भू-भागमा अत्यधिक गर्मीको सम्भावना रहेको विभागले बुलेटिनमार्फत चेतावनीसहितको सूचना जारी गरेको छ ।

"तातो बढ्ने भएकाले आवश्यक तयारी गर्नुहुन तथा आवश्यक सतर्कता अपनाउनहुन अनुरोध छ", विभागले भनेको छ । महाशाखाका मौसमविद् रोजन लामिछानेले तातो बढेसँगै आगलागी, हावाहुरीलगायतका समस्या झन् बढ्न सक्ने भएकाले सावधानी अपनाउनुपर्ने बताउनुभयो । उहाँका अनुसार यस वर्ष सबैभन्दा बढी ४३.६ डिग्री तापक्रम मापन भएको छ । भैरहवामा वैशाख आठ गते उक्त तापक्रम रेकर्ड भएको थियो ।

सूचनामा भनिएको छ, "तराईका ती भू-भागमा आजदेखि यही वैशाख २० गतेसम्म तातो हावा तथा तातो लहरको सम्भावना रहेको हुनाले सोको असरबाट बच्न आवश्यक सतर्कता अपनाउन हुन अनुरोध छ । साथै पहाडी भू-भागका उपत्यका तथा खोचमा समेत तापक्रम क्रमिकरूपमा बढ्न सक्ने सम्भावना रहेकाले यस महाशाखाबाट जारी हुने सूचना तथा पूर्वानुमानमा अध्यावधिक रहनु हुन अनुरोध छ ।"


**सम्भावित असर तथा सुझाव**

तातो हावा तथा तातो लहरबाट हुने सम्भावित असर जस्तै : थकाइ लाग्ने, कमजोरी हुने, बढी तिर्खा लाग्ने, टाउको दुख्ने, खुट्टा बाउँडिने, चक्कर आउने, बेहोस हुने, मांसपेशी दुख्ने, बान्ता आदि हुनसक्ने छ ।

तातो हावा तथा तातो लहरबाट बच्न बढी गर्मीको समयमा घरभित्र अर्थात् चिसो स्थानमा रहने, बाहिरी वातावरणमा बढी नजाने, घाममा बढी नजाने, हल्का लुगा लगाउने, सुती कपडा लगाउने, बाहिर निस्कँदा टाउको छोप्ने, टोपी लगाउने, नियमित (पटक-पटक) पानी तथा झोल पदार्थ (जुस, सर्वत, आदि) प्रशस्त मात्रामा पिउन स्वास्थ्यकर्मीले अनुरोध गरेका छन् ।

यस्तै स्वास्थ्यमा समस्या भएमा स्वास्थ्यकर्मीसँग नियमित सम्पर्कमा रही थप सल्लाह सुझाव लिन समेत भनिएको छ । महाशाखाले दैनिक जारी हुने मौसम पूर्वानुमान बुलेटिनमा समेत सोहीअनुसार नियमितरूपमा अद्यावधिक गरिने भएकाले अद्यावधिक मौसमी सूचनाको जानकारी लिन पनि अनुरोध गरेको छ । ***रासस***

## मानिस हराएको सूचना



**राधेश्याम कुमार (छन्गा)**

मिति २०८०/१२/२४ गतेदेखि राधेश्याम कुमार (छन्गा) नाम गरेको उमेर १९ वर्षका, घर भारतको बिहार, उचाइ ५.५ भएका र राम्ररी बोल्न नसक्ने व्यक्ति हराएको हुँदा निजलाई देख्नुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गरिन्छ ।

**ठेगाना :** जगाती
**सम्पर्क नं. :** ९८२५७७३९११, ९८१३४०३४६०

# चिनियाँ कम्पनीबाट भित्र्याउन सहजीकरणका लागि समझदारी

काठमाडौँ, १७ वैशाख । चिनियाँ कम्पनीबाट लगानी भित्र्याउन नेपालको निजी क्षेत्रले सहजीकरण गर्नेसम्बन्धी दुई वटा समझदारी भएको छ ।

तेस्रो लगानी सम्मेलनको दोस्रो दिन आज नेपालको 'नेक्सजेन म्यानेजमेन्ट सोलुसन प्राइभेट लिमिटेड' र चीनको 'एमएबिसी इन्भेस्टमेन्ट प्राइभेट लिमिटेड' बीच तथा नेपाल उद्योग व्यापार महासङ्घ (एफएनआइसी) र चाइना दोङ्गन जिङ लङ लाइटिङ प्रडक्ट कम्पनी लिमिटेडबीच छुट्टाछुट्टै समझदारी भएको हो ।

नेक्सजेनले एमएबिसीको माउ कम्पनीलाई नेपालमा वैदेशिक लगानी गर्नका लागि सहजीकरण गर्नेछ भने एफएनआइसीले चाइना दोङ्गन जिङ लङलाई सहजीकरण गर्नेछ । यी दुई समझदारीपत्रमा हस्ताक्षर कार्यक्रममा चीनका लागि नेपालका राजदूत विष्णुपुकार श्रेष्ठ पनि सहभागी हुनुहुन्थ्यो ।

# वाग्मती प्रदेशसभा सचिवालयद्वारा वैशाख २१ गते सर्वदलीय बैठक आह्वान

हेटौँडा, १७ वैशाख (रासस) । वाग्मती प्रदेशसभा सचिवालयले वैशाख २१ गते दिउँसो १ बजे सर्वदलीय बैठक आह्वान गरेको छ । बागमती प्रदेशसभाका सभामुख भुवनकुमार पाठकले सर्वदलीय बैठकमा प्रदेशसभामा रहेको विभिन्न ५ वटा समितिको अध्यक्षको निर्वाचन र आगामी आर्थिक वर्ष २०८१/८२ का लागि बजेट छलफल गर्ने क्रममा अधिवेशन आह्वान विषयमा छलफल हुने जानकारी दिनुभयो ।

संसद्मा रहेका संसदीय दलका नेता र प्रमुख सचेतकहरूलाई उक्त बैठकमा सहभागी हुन आफूले सूचना प्रवाह गरिसकेको उहाँले बताउनुभएको छ । उहाँले संसद्को आगामी अधिवेशनका विषयमा पनि उक्त सर्वदलीय बैठकमा छलफल हुने जानकारी दिनुभयो । प्रदेशसभाको गत चैत १९ गते बसेको बैठकले मुख्यमन्त्री शालिकराम जम्कट्टेलले तेस्रोपटक विश्वासको मत लिइसकेपछि वैशाख १२ प्रदेशसभाको चालु १३ औँ अधिवेशन अन्त्य गरिएको थियो ।

# केन्द्रीय मानन्धर सङ्घमा सुवर्णमान सभापतिमा छनोट

**- केके मानन्धर**

भक्तपुर, १७ वैशाख । केन्द्रीय मानन्धर सङ्घको ३३ र ३४ औँ संयुक्त साधारणसभाले सुवर्णमान मानन्धरलाई सभापति छनोट गरेको छ ।

काठमाडौँको थँहिटी मानन्धर गुठीका अध्यक्ष ८८ वर्षीया मानन्धरलाई दुईवर्षे कार्यकालको लागि सर्वसम्मत छनोट गरिएको हो । सङ्घका सभापतिबाहेक कार्यसमितिका अन्य पदाधिकारी र सदस्यहरू ४ वर्षको लागि निर्वाचित हुने वैधानिक व्यवस्था छ । कार्यक्रममा सभापतिको लागि निर्वाचन भए पनि सङ्घका अन्य पदाधिकारीहरूको लागि आगामी अधिवेशनमा मात्र निर्वाचन हुनेछ । विभिन्न सांस्कृतिक गतिविधिलाई नेतृत्व दिन र नेपाल सरकारको गुठी संस्थान तथा अन्य प्रशासनिक निकायसँग समन्वय गर्न धालासिक्व मानन्धर सना: खल:बाट न्हेस: नाय: सदावहार कार्यसमितिको पदाधिकारी रहने व्यवस्था छ । न्हेस: नाय:को अर्थ तत्कालीन काठमाडौँका ७ सय मानन्धरहरूको लागि वंशको आधारले नियुक्ति पाउने सर्वसम्मत अध्यक्ष हुन् ।

सङ्घका सभापति कारणवश अमेरिकामा रहेको हुँदा उपसभापति बद्रीनारायण मानन्धरको सभापतित्वमा कार्यक्रम सम्पन्न भएको हो ।

कार्यक्रममा रु. एक करोड ८६ लाख, ८७ हजार ३ सय ५३ रुपियाँ १६ पैसाको वार्षिक आर्थिक प्रगति प्रतिवेदन प्रस्तुत गरिएको थियो । केन्द्रीय मानन्धर सङ्घ २०१० माघ १० गते स्थापना भएको सङ्घमा पूर्वको धरानदेखि पश्चिमको स्याङ्जासम्म विभिन्न टोलमा सघन बसोबास गर्दै आएका मानन्धरहरूको ५८ वटा समूह आबद्ध रहेको छ ।

केन्द्रीय मानन्धर सङ्घको नयाँ कार्यसमितिमा निवर्तमान सभापति गोपालकृष्ण मानन्धर, उपसभापति बद्रीनारायण मानन्धर, अमोघनारायण मानन्धर, सचिव गजेन्द्रमान मानन्धर, कोषाध्यक्ष राजेन्द्र मानन्धर, सहायक सचिव कृष्णबहादुर मानन्धर, सहायक सचिव तुलसीकाजी मानन्धर, सहायक कोषाध्यक्ष प्रकाशबहादुर मानन्धर, सदस्यहरुमा राजु मानन्धर, गजेन्द्रप्रसाद मानन्धर, जुजुकाजी मानन्धर, विजयकुमार मानन्धर, शैलेन्द्रकुमार मानन्धर, सुशीला मानन्धर, किरणकुमार मानन्धर र कृष्णकाजी मानन्धर र हनुभएको छ ।

# गोरखापत्र संस्थानमा तस्बिर प्रदर्शनी

काठमाडौँ, १७ वैशाख (रासस) । गोरखापत्र संस्थानले राष्ट्रिय फोटो पत्रकारिता दिवसका पारेर आयोजना गरेको पुराना तस्बिर प्रदर्शनीले त्यसबेलाका सामाजिक परिवेश, जनजीवन, रहनसहन र ऐतिहासिक घटनाक्रम बुझ्न सघाएको छ ।

धर्मपथस्थित संस्थानको मुख्य कार्यालयमा भइरहेको प्रदर्शनीमा विस २०३० देखि २०६० सम्म गोरखापत्रमा प्रकाशित तथा त्यहाँ कार्यरत फोटो पत्रकारले खिचेका श्यामश्वेत तस्बिर समावेश गरिएको छ । चार वटा कोठामा गरिएको प्रदर्शनीमा एक सय ६० भन्दाबढी तस्बिर समेटिएको छ ।

क्यामरा र तस्बिरसँग सम्बन्धित अन्य उपकरण पनि राखिएको प्रदर्शनीमा प्रवेश नि:शुल्क रहेको गोरखापत्र दैनिकका फोटोग्राफी विभाग प्रमुख रामप्रसाद हुमागाईंले जानकारी दिनुभयो ।

विस १९५८ वैशाख २४ गतेबाट प्रकाशन आरम्भ गरेको मुलुकको जेठो अखबार गोरखापत्र नेपाली समाज, राजनीति, जनजीवन, भाषा, संस्कृति र सम्पदासम्बन्धी जानकारी लिने महत्त्वपूर्ण दस्तावेजका रूपमा रहेको छ ।

विस १९८४ वैशाख १३ गते उक्त पत्रिकाले पहिलोपटक सर्वसाधारणको तस्बिर छापेको दिनको स्मरण गर्दै राष्ट्रिय फोटो पत्रकारिता दिवस मनाउने गरिएको छ । धुलो टकटक्याएर निकालिएको रिलबाट प्रिन्ट गरिएका धेरैजसो तस्बिर अहिले अवलोकन गर्न आउनेका लागि सूचनाको दरिलो स्रोत भएको छ ।

संस्थानले प्रदर्शन गरेका पुराना फोटाको रिलले करिव एक सय ५० बाकस भरिएका छन् । प्रर्दशनीका लागि छनोट भएको नेगेटिभ स्क्यानिङ गर्न पनि निकै चुनौती भएको उहाँले बताउनुभयो । अहिले तस्बिरका माध्यमबाट ३० देखि ६० को दशकसम्म राजनीतिक घटनाक्रम, सामाजिक परिवेशलगायत विविध क्षेत्र बुझ्न चाहनेलाई प्रदर्शनी उपयुक्त थलो बनेको उहाँको भनाइ छ ।

संस्थानले यसअघि आफनो स्थापना दिवसका उपलक्ष्यमा पनि यसखाले तस्बिर प्रदर्शनी गरेको थियो । यसअघि भएको प्रदर्शन राष्ट्रिय समाचार समितिले पनि गरेको थियो ।

तीसदेखि ६० को दसकमा काठमाडौँ त्रिपुरेश्वरदेखि भक्तपुरको सूर्यविनायकसम्म सञ्चालनमा रहेको ट्रलिबस चढ्ने घुँइचोलगायतका तस्बिर समेटिएको छ ।

# बाजुरामा रेबिजविरुद्धको खोप अभाव

बाजुरा, १७ वैशाख । बाजुरामा सरकारले नि:शुल्करूपमा उपलब्ध गराउँदै आएको रेबिजविरुद्धको खोप अभाव भएको छ । जङ्गली जनावर र घरपालुवा जनवारले टोकेपछि लगाउनुपर्ने रेबिजको खोप अभाव भएको स्वास्थ्य कार्यालय बाजुराले जनाएको छ ।

रेबिजविरुद्धको खोप लगाउन आउनेको सङ्ख्या बढ्दै गए पनि जिल्ला अस्पताल र प्राथमिक स्वास्थ्य केन्द्र कोल्टीमा उक्त खोपको अभाव रहेको स्वास्थ्य कार्यालय बाजुराका प्रमुख महेश चन्दले बताउनुभयो ।

जथाभावीरूपमा छोडिएका कुकुर, स्याललगायतका जनावरले टोकेका बिरामी रेबिजको खोप लगाउन आउने गरे पनि खोप अभाव भएपछि अन्य जिल्लामा पठाउनुपरेको जनस्वास्थ्य अधिकृत चन्दले राससलाई बताउनुभयो । जिल्लामा रहेका जिल्ला अस्पताल, टाँटे स्वास्थ्य चौकी कोल्टी प्राथमिक स्वास्थ्य केन्द्रमा उक्त खोप अभाव भएको छ ।

लक्ष्यअनुसार खोप खरिद हुने भए पनि रेबिजको कुनै लक्ष्य नहुने भएकाले खोप खरिद गर्न समस्या भएको अधिकृत चन्दले बताउनुभयो । "रेबिजको खोप लगाउन कहिले आउने, कहिले नआउने भएकाले खोपको समस्या भएको छ," उहाँले भन्नुभयो ।

यस्तै पूर्वी उत्तरी भेगको कोल्टीमा रहेको कोल्टी प्राथमिक स्वास्थ्य केन्द्रमा छिमेकी जिल्लाबाट पनि रेबिजविरुद्धको खोप लगाउन आउन थालेकाले उक्त स्वास्थ्य केन्द्रमा खोप अभाव भएको स्वास्थ्यकर्मीले बताएका छन् । कोल्टीमा कर्णाली प्रदेशका हुम्ला, मुगु, कालीकोटलगायतको सेवा केन्द्र बनेको स्वास्थ्य केन्द्र कोल्टीमा खोप अभाव भएको हो ।

स्वास्थ्य केन्द्रमा मात्र नभई अन्य क्लिनिकमा समेत रेबिजविरुद्धको खोप अभाव भएको प्राथमिक स्वास्थ्य केन्द्र कोल्टीका डा. प्रतीक न्यौपानेले बताउनुभयो । स्वास्थ्य कार्यालयका प्रमुख चन्दले खोप खरिद गर्न प्रदेश सरकारसँग माग गरिएको बताउनुभयो । वैशाख मसान्तभित्र रेबिजविरुद्धको खोप जिल्लामा आइपुग्ने उहाँको भनाइ छ । स्थानीय तहका स्वास्थ्य शाखाले पनि खोप खरिद गर्न आवश्यक बजेटको व्यवस्था नगर्दा खोप खरिद र औषधि खरिदमा समस्या हुने गरेको छ । *रासस*



**प्राकृतिक सौन्दर्यताको गहिराइ बोकेको फोक्सुण्डो ताल**

डोल्पाको शे-फोक्सुण्डो गाउँपालिका-८ स्थित रिग्मो गाउँमा रहेको प्राकृतिक सौन्दर्यताको गहिराइ बोकेको फोक्सुण्डो ताल । नेपालको सबैभन्दा गहिरो उक्त ताल ३६११ मिटरको उचाइमा रहेको छ । *तस्बिर: कुलदीप न्यौपाने/रासस*

# बजेट अभावले एकीकृत मिलन बस्ती निर्माणमा ढिलाइ

गोरखा, १७ वैशाख । भूकम्पपीडितलाई स्थानान्तरण गर्न निर्माण थालिएको गोरखाको भीमसेन थापा गाउँपालिका-५, लामाचौरस्थित एकीकृत मिलन बस्ती निर्माण कार्यमा ढिलाइ भएको छ ।

धाँजो फाँटेर जोखिमपूर्ण अवस्थामा रहेको बस्तीमा २०७२ वैशाखमा गएको भूकम्पले थप क्षति पुगेपछि रिठ्ठेपानी, धरमपानी, पाण्डेगाउँ, डाँडागाउँ र नयाँबस्तीका भूकम्पपीडितलाई पुन:स्थापना गर्न सुरु गरेको झण्डै आठ वर्ष बितिसक्दा पनि अझैसम्म बस्ती निर्माण हुन सकेको छैन । स्थानीयकै पहलमा २०७३ पुसदेखि लामाचौरमा बस्ती निर्माण थालिएको भए पनि बजेटको अभावमा काम सम्पन्न हुन नसकेको एकीकृत मिलनबस्ती पुन:निर्माण तथा विकास समितिका अध्यक्ष सुककुमार श्रेष्ठले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "सरकारले उपलब्ध गराउने रु. तीन लाख अनुदानसहित अपुग रकम घरधनीबाट पनि सङ्कलन गर्ने र केही आर्थिक सहयोग जुटाएर बस्ती निर्माण गर्ने योजना बनाइएको थियो । पहिलो किस्ताको रकम प्राप्त गर्न ढिलाइ हुने भएपछि ऋण नै खोजेर काम थाल्नुपर्ने बाध्यता भयो, अहिले ऋण पनि बढ्दै गएको छ, बस्ती निर्माण पनि सम्पन्न गर्न सकिएको छैन ।"

बस्ती निर्माण गर्न लामाचौरमा एक सय पाँच रोपनी जमिनमा प्रतिपरिवारलाई करिब ६ आना जग्गा पुग्ने गरी एक सय ३८ घर निर्माण थालिएको थियो । अध्यक्ष श्रेष्ठले भन्नुभयो, "निर्माण थालिएकामध्ये ९० घर निर्माण भइसकेका छन् । पचास घरमा अहिले स्थानीय बस्न थालिसकेका छन् ।" उहाँले बाँकी रहेका घर निर्माणकै प्रक्रियामा रहेको बताउनुभयो ।

कतिपय घरधनीबाट प्रतिबद्धता गरेअनुसारको रकम प्राप्त हुन नसक्दा पनि समस्या भएको अध्यक्ष श्रेष्ठको भनाइ छ । उहाँले भन्नुभयो, "निर्माण हुन बाँकीमध्ये केहीको अन्यत्रै घर भएकाले एकीकृत मिलन बस्तीमा घर बनाउन नचाहेको अवस्था छ । तत्काल केही घर नबनाई नहुने अवस्था छ, बजेट नहुँदा समस्या भएको छ ।"

घरधनीले प्रतिबद्धता गरेअनुसारको रकम उठे ऋण तिर्न नसके पनि तत्काल बनाउनुपर्ने अवस्थामा रहेका बाँकी घर बनाउन सकिने समितिले जनाएको छ । उहाँले बाँकी रहेका घर निर्माण गर्न आर्थिक स्रोतको खोजी भइरहेको बताउनुभयो ।

अध्यक्ष श्रेष्ठले भन्नुभयो, "घर निर्माण गर्न तत्काल बजेट प्राप्त हुने अवस्था देखिएन । अन्यत्रबाट भए पनि आर्थिक स्रोत जुटाउन सकिन्छ कि भनेर लागिपरेका छौँ ।" बस्तीमा प्रत्येक परिवारका लागि चार कोठाको दुईतला भएको घर निर्माण गरिएको छ । एउटा घर निर्माण गर्दा करिब रु. छ लाख ५० हजारभन्दा बढी खर्च भएको समितिले जनाएको छ । बस्तीभित्र विद्युत्, सडक, खानेपानी तथा ढल निर्माण लगायतका काम भइरहेका छन् । तीस वटा घर 'अक्सफाम' नामक गैरसरकारी संस्थाको सहयोगमा निर्माण गरिएका हुन् । *रासस*

# बाँकेको नेपालगञ्ज रङ्गशाला सुनसान अवस्थामा

नेपालगञ्ज, १७ वैशाख । बाँकेको नेपालगञ्ज रङ्गशाला सुनसान अवस्थामा छ । रङ्गशालामा उल्लेख्यरूपमा खेलकुद गतिविधि हुन सकिरहेका छैनन् ।

खेलकुद विकास समिति लुम्बिनी प्रदेश कार्यालयका प्रमुख महेश चन्दले रङ्गशालाको निर्माण कार्य सकिएपछि असारपछि खेलकुदका गतिविधिले गति लिने उहाँको भनाइ छ । पाँच वर्षअघि आठौँ राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि नेपालगञ्ज रङ्गशालामा करिब रु. एक अर्ब ५० करोड खर्च गरी खेलकुद संरचना बनाइएका थिए । हाल ती संरचना चालु अवस्थामा छैनन् । त्यतिबेला अत्याधुनिक फुटबल मैदान, प्यारापिट, अन्तर्राष्ट्रिय मापदण्डको स्वीमिङ पुल, भारोत्तोलन एकेडेमी, सुटिङ रेञ्ज, ह्यान्डबल, पार्केटिङसहितको भलिबल तथा ब्याडमिन्टन कोर्ट र बास्केटबल कोर्ट निर्माण गरिएका थिए ।

कार्यालय प्रमुख चन्दले खेलकुदमा सङ्घीयता लागू नभएको उल्लेख गर्दै समायोजन नभएका कारण समेत अन्योल सिर्जना भएको बताउनुभयो । उहाँले भन्नुभयो, "सरकाले यति धेरै लगानी गरेपछि यसलाई प्राथमिकतामा राखेर काम गर्नुपर्थ्यो ।" अधिकांश प्रदेशका खेलकुदका कार्यक्रम बुटवल र दाङमा हुने गरेका उल्लेख गर्दै प्रमुख चन्दले राष्ट्रपति रनिङ शिल्डबाहेक अन्य कार्यक्रम नेपालगञ्जमा हुन नसकेका बताउनुभयो ।

अहिले रङ्गशालामा सङ्घीय सरकारबाट आउने बजेट शून्य रहेको जानकारी दिँदै प्रमुख चन्दले रङ्गशालालाई कसरी सञ्चालन गर्ने भन्ने विषयमा समिति गठन भएको र त्यसले बुझाएको प्रतिवेदनका आधारमा सञ्चालन हुने बताउनुभयो । उहाँले १० औँ राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि अभ्यास खेलहरू सञ्चालन गर्ने पर्खाइमा रहेको उल्लेख गर्दै प्रतियोगिता नहुँदा, नियमित रेखदेख र सम्भार नहुँदा फुटबल मैदानमा लगाइएको दुबोसमेत सुकेको जानकारी दिनुभयो ।

रङ्गशालामा निर्माण कार्यसँगै नियिमितरूपमा बक्सिङ, तेक्वान्दोलगायत खेलको प्रशिक्षण पनि चलिरहेको उहाँले बताउनुभयो । सङ्घीय सरकारको रु. १३ करोडको बजेटमा रङ्गशाला बन्दै छ । नेपालगञ्जमा विभिन्न सङ्घ तथा संस्थाको अगुवाइमा विभिन्न खेलकुदका कार्यक्रम हुँदै आएका छन् । यसबाहेक पालिकास्तरीय खेलकुद कार्यक्रम भइरहेका छन् । *रासस*

## भावपूर्ण श्रद्धाञ्जली



**रामकृष्ण प्रजापति**

**जन्म : २०१४/१२/२७ निधन: २०८१/०१/१५**

यस विद्यालयका संस्थापक तथा प्रिन्सिपल लिशा प्रजापतिका पूजनीय पिता एवं विद्यालयका पूर्वसंस्थापक प्रिन्सिपल **रामकृष्ण प्रजापति**को अल्पायुमै दु:खद निधन भएकोमा विद्यालय परिवार मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौँ । साथै दु:खद घडीमा शोकाकुल परिवारजनमा धैर्यधारण गर्न सकोस् भन्ने कामनासहित हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

**लिशा इङ्गलिस सेकेन्डरी स्कूल परिवार**

लिवाली, च्याम्हासिंह, भक्तपुर

# उच्च गतिको विद्युत् प्रवाह हुँदा ६० घरमा क्षति

म्याग्दी, १७ वैशाख । म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६ घरमा आइतबार उच्च गतिको विद्युत् प्रवाह हुँदा ६० घरमा क्षति पुगेको छ ।

उच्च गतिको विद्युत् प्रवाह हुँदा घारको ओडारे, भुवानीथान, भुन्या, इदार र बिरौटा टोलका केही घरमा क्षति भएको हो । विद्युत्को मुख्य र वितरण लाइन हावाले छोएपछि उच्च गतिको विद्युत् प्रवाह भएर स्थानीयवासीका घरमा जडान गरिएका मिटरबक्स, टेलिभिजन, कम्प्युटर, फ्रिज, मोबाइल, ल्यापटपलगायत उपकरणमा क्षति पुगेको वडाध्यक्ष रामबहादुर खड्काले जानकारी दिनुभयो ।

भुन्या टोलका जितबहादुर बरुवालको पसल जलेर रु. १० लाखभन्दा बढीको क्षति भएको छ । उहाँले भन्नुभयो, "वडाका जनप्रतिनिधि र प्रहरीको टोलीले ६० घरमा क्षति पुगेको विवरण सङ्कलन गरेको छ ।"

पाँच कुटानीपिसानी मिल र घरमा राखिएको मिटरबक्स जलेर क्षति भएको छ । पाँच जना करेन्ट लागेर सामान्य घाइते भएका छन् । एक जनालाई उपचारका लागि बेनी अस्पताल पठाइएको वडाध्यक्ष खड्काले बताउनुभयो ।

नेपाल विद्युत् प्राधिकरण बेनी वितरण केन्द्रले विद्युत् सर्ट हुनुको कारणबारे अध्ययन भइरहेको जनाएको छ । केन्द्रका प्रमुख प्रताप बरालले लाइन बन्द गरिएको र मर्मतका लागि सोमबार बिहानै प्राविधिक टोली पठाउने बताउनुभयो ।

घार, शिख र घोडेपानी क्षेत्रमा विद्युत् अवरुद्ध भएको छ । घारको मुक्तिमार्ग माविका प्रधानाध्यापक ठगराज बरुवालले विद्युत् प्राधिकरणले समयमै प्रसारण र वितरण लाइन मर्मत नगर्दा क्षति बेहोर्नुका साथै विद्युतीय दुर्घटनाको जोखिम बढेको बताउनुभयो । *रासस*

। सम्पादकीय ।

# कार्यकर्ताहरू क्रान्तिका अग्रदूत


समाज वर्गमा विभाजित छ । वर्गमा विभाजित समाजमा नेता, कार्यकर्ता मात्र होइन बुद्धिजीवी, इन्जिनियर, वकिल, प्राध्यापक, लेखक, कलाकार, कर्मचारी आदि पनि विभाजित हुन्छन् । समाजमा रहेका कुनै पनि मानिस प्रत्यक्ष या अप्रत्यक्षरूपमा कुनै वर्ग, सिद्धान्त, विचारको पक्षमा या प्रभावित हुने हुँदा त्यसअनुसार उनीहरूले विचार पोख्नु या राजनीति गर्नु अस्वाभाविक होइन । समाज परिवर्तन कसरी गर्ने भन्ने विषयमा पनि उनीहरूको धारणा या दृष्टिकोण फरक फरक हुन्छ । त्यसमध्ये कति मानिस क्रान्ति या परिवर्तनको निम्ति जुट्छन्, खट्छन् त कति अवसरवादी र द्वैधचरित्रका हुन्छन् । कति क्रान्तिविरोधी हुन्छन् । समाजमा सामन्त, जमिनदार, प्रतिक्रियावादी, पुँजीपति, जालीफटाहा, शोषकहरू पनि हुन्छन् । उनीहरू श्रमजीवी जनताको राजनीतिको विरोध गर्छन्; गरिब जनतालाई भिडाएर, लडाएर शोषण गर्छन् या फाइदा लिन्छन् । तर, उनीहरू वर्गीय राजनीतिबाट अलग हुनसक्दैनन् । यसकारण बुद्धिजीवी, इन्जिनियर, प्राध्यापक, कलाकार, पत्रकार, लेखक, डाक्टरहरू वर्ग र वर्गीय राजनीतिबाट अलग हुनसक्दैनन् ।

कुनै क्रान्ति ध्वंश गर्न होइन देश र जनताको सेवा गर्न गरिएको हुन्छ । शोषणमा आधारित सरकार र समाजलाई उल्टाउन या फाल्न सजिलो छैन । सामन्त, पुँजीपति, जमिनदार, जालीफटाहा, विदेशी दलालको सरकार उल्टाई त्यसको ठाउँमा मजदुर, किसान, उत्पीडित तथा शोषित पीडित जनताको शोषण नहुने क्रान्तिकारीवर्गको समाज र सरकार निर्माण गर्नु क्रान्ति या परिवर्तन हो । देशमा बर्सेनि हजारौँ जनता भोक, रोग, शोक र औषधि गर्न नपाउँदै मर्छन् । औषधि गर्न सक्ने रोगीहरू पनि देशमा आवश्यक अस्पताल र अस्पतालमा चिकित्सक र औषधि नभएर, नपुगेर जनता मरिरहेका छन् र कति बाध्य भएर बिदेसिएका छन् । नेपालमै राम्रो उपचारको प्रबन्ध नभएर पनि कति नेपालीहरू विदेश पुगेर उपचार गर्छन् र लाखौँ थप खर्च गर्न बाध्य हुन्छन् । यसकारण, यस्ता अभाव पूर्ति गर्न या समस्या समाधान गर्न कम्युनिस्ट भनिने सरकार लाग्नुपर्ने हो । तर, त्यतातर्फ सरकारको ध्यान गएको देखिँदैन ।

क्रान्ति गर्न देश, काल र परिस्थिति मिल्नुपर्छ । अन्तर्राष्ट्रिय परिस्थिति तयार हुनुपर्छ । क्रान्ति जनताले गर्छन् । क्रान्ति गर्न जनता सचेत, सङ्गठित र एकगठ हुनुपर्छ । क्रान्ति गर्न जनतामाझ कम्युनिस्टको सिद्धान्त र विचार पुऱ्याउनुपर्छ । किनकि, पार्टी नेता तथा कार्यकर्ताहरू क्रान्तिका अग्रदूत हुन् । पार्टी कार्यकर्ता नभए पार्टी हुँदैन, पार्टी भएन भने क्रान्ति पनि सम्भव छैन । क्रान्तिको लागि बाटो तयार गर्नुपर्ने सत्तासीन कम्युनिस्टहरू सत्तामुखी राजनीति या जसरी भए पनि दल ठुलो बनाउने, सत्तामा जाने र कमाउने धन्दामा व्यस्त देखिएका छन् । मार्क्सवाद र लेनिनवादलाई मार्गनिर्देशक सिद्धान्त मान्ने ती सत्ताधारी कम्युनिस्ट दलका नेता, मन्त्री, सांसद, जनप्रतिनिधि र कार्यकर्ताहरू साँच्चै कम्युनिस्ट भएर राजनीतिमा लागेका छैनन् । तर, तिनीहरू आफूलाई कम्युनिस्ट नै ठान्छन् ।

सिद्धान्ततः मार्क्सवाद र लेनिनवादलाई मार्गनिर्देशक सिद्धान्त मान्ने दलहरू कम्युनिस्टहरू हुन् । तर, उनीहरूले त्यस सिद्धान्त र दर्शनअनुसार राजनीति गरिरहेका छैनन् । कम्युनिस्टबाहेकका अन्य दलले पनि दलको नाममा 'समाजवाद' शब्द जोडेका छन् । दलले लोकतान्त्रिक समाजवाद, जनता समाजवादी पार्टी जे नाउँ राखे पनि ती दलहरू साँच्चै देशमा बहुमत जनताको सेवा गर्ने समाजवादी पार्टी होइनन् । यही कारण शासकहरूले संविधानमा उल्लेखित समाजवादउन्मुख राज्य बनाउने प्रयत्न गरेका छैनन् । कतिपय दलले समाजवाद, उन्मुक्ति आदि शब्द पार्टीमा झुन्ड्याएर जनताको विश्वास जित्ने यत्न गरिरहेका छन् । तर, नाउँले दल साँचो कम्युनिस्ट पार्टी हुने होइन । कम्युनिस्ट पार्टीले व्यापक जनताको हित हुने राजनीति गर्नुपर्छ; तद्नुसार जनतालाई सुसूचित पार्नुपर्छ । व्यापक जनताको हितमा राजनीति नगर्ने दल सच्चा कम्युनिस्ट पार्टी हुनेछैन ।

# स्मार्ट सिटी कि रेशम मार्ग ?




भैरव रिसाल

*मान्छे दिनभरि परिश्रम गरेर बेलुकी आफ्नो घरको कोठामा मस्तसँग आराम गर्न चाहन्छ । त्यसको लागि हरेक दम्पत्तिलाई एउटा कोठा आवश्यक पर्छ । तर, त्यो अवस्थामा नेपाल उक्लन सकेको छैन । उज्यालो भएदेखि अँध्यारो नहुँदासम्म गगनचुम्बी घर बनाउने काममा पसिना बगाउनेहरू आफूकहाँ सुत्छन्, टुङ्गो छैन । यो अवस्था बनाउनेले त घरमा सुत्न पाउनुपऱ्यो । यो अवधारणा समाजमा अझै बलियो रूपमा स्थापना हुनसकेको छैन । तसर्थ, सृष्टिको बिहानीदेखि अँध्यारो रहँदासम्म घर बनाउनेहरू प्रायःको आफ्नो घर हुँदैन । पेसा घर बनाउने तर आफ्नै घर नहुने ! कस्तो समाज होला ?*

सहरीकरण आजको बसोबासको विकल्पको रूपमा कतिपय विद्वानहरूले अगाडि सारेका छन् तर अव्यवस्थित सहरीकरणको विकल्प स्मार्ट सिटी हुनसक्दैन । माटो, ढुङ्गा, काठ, बाँस, निगालाजस्ता सामानहरूको समुचित मात्रा मिलाई संसारमा सहरको नयाँ विकास गर्नु छ । वास्तवमा सिमेन्ट, फलामका डन्डी र पाको इँटमात्र सुरक्षित घरहरुको नमुना हुनसक्दैन । माथि उल्लेखित वस्तुहरू उपमाका रूपमा मात्र हुन् । रेशम मार्गले आज संसारलाई एक सूत्रमा बाँध्न सहयोग गरेको छ तर, एकथरी गृह व्यापारीहरू स्मार्ट सिटी बनाउन आफ्नो रैथाने प्रवृत्ति छोड्दै छन् । यो प्रवृत्तिले संसारका मानिसलाई स्थायी बसोबास ढुक्कसँग बस्ने मानसिकता र वैज्ञानिक आधार दिनसक्दैन । रेशम मार्ग संसारमा धेरै अगाडि आएको हो । रेशम मार्गले त्यतिबेला ठुलो योगदान गरेको थियो । त्यो प्राचीन रेशम मार्गले आज संसारलाई एक सूत्रमा आबद्ध गर्न ठुलो सहयोग गरेको छ । हो त नि ! केही वर्ष अघिसम्म संसारमा सिमेन्ट उत्पादन भएको थिएन । पाको इँट बनाउने चलन थिएन । झिँगटी र टायल बनाइँदैनथ्यो । रहँदा बस्दा पाको इँट बलियो हुँदो रहेछ । पानी पर्दा गल्दो रहेनछ भन्ने तथ्य पत्ता लाग्यो र इँटा पोल्ने प्रविधि सुरू भयो । झिँगटी र टायल पनि त्यही प्रक्रियाबाट निर्माण थालियो । अलि पछि संसारमा फलामका खानी फेला परे । सिमेन्टका ढुङ्गा पनि फेला परे । ती ढुङ्गा फोरेर अन्य वस्तु मिलाई सिमेन्ट उत्पादन प्रारम्भ भयो । सिमेन्टमा कति प्रतिशत बालुवा मिसाउने भन्ने प्रवृत्ति निकै पछिमात्र थाहा भयो । सिमेन्टमा बालुवा नभई हुँदैन भन्ने थाहा भएपछि खोला, किनार, डाँडा-पाखाका बालुवातिर मान्छेहरूको ध्यान केन्द्रित भयो । आज बालुवाजस्तो पहिले पहिले पटक्कै काम नआउने वस्तु सिमेन्ट ननिस्किएपछि सर्वाधिक आकर्षित भएको छ । खोलाहरूमा यति धेरै बालुवा थियो अब त्यसले पुगेन र डाँडापाखा खोस्रन थाले । फलस्वरूप खोलाहरू बालुवाविहीन भए । बालुवाले पानीका प्रदूषक किटाणुहरूलाई प्रदूषणरहित बनाउँथ्यो तर अब बालुवा सुनको तुलनामा पुग्ने प्रक्रियामा छ । झन् स्मार्ट सिटीको अवधारणााले त बालुवालाई अरू मूल्यवान बनायो किनकि सिमेन्टको लागि बालुवा नभई हुँदैन ।






**एउटा ओत त पाउनैपर्ने हो !**

जनसङ्ख्या बढ्ने प्रकृति र प्रवृत्ति संसारमा धेरै ठाउँमा कायम छ । जापानजस्ता देशमा जनसङ्ख्या घट्दो छ । नेपालमा पनि परिवार नियोजनको कार्यक्रम र मातृशिशु कल्याण योजना कायम भएपछि आमाहरू धेरै नानी पाउन छोडे । फलस्वरूप आज खुलेका कलेजहरूमा केही वर्षपछि पर्याप्त मात्रामा विद्यार्थी पाउन धौ धौ हुने भएको छ । एउटी आमाले बीसवटा भन्दा बढी नानी पाउँथिन् । कसरी पाउँथिन् ? कसरी बचाउँथिन् वा कति मर्थे त्यसको टुङ्गो हुँदैनथ्यो । एक्काइसौँ नानीको न्वारन धुरीमा गर्थे रे । कस्तो जमाना ? हाम्रा आमाहरू त्यही जमानामा जन्मिए, हुर्किए, बढे, नानी पाए । यस्तो थियो जमाना । अब अहिले एउटी महिलाले एउटा वा दुई वटामात्र सन्तान पाउने गरेका छन् । छोरी पाए पनि ठीक, छोरा पाए पनि ठीक भन्ने मानसिकताले काम गरेको छ । त्यतिबेला संसारमा बेलायतजस्ता मुलुकहरूमा ठुल्ठुला लडाइँ हुन्थे । ती लडाइँमा नेपाली युवकहरूलाई प्रयोग गरिन्थ्यो । कस्तो जमाना ?

एउटा लोकगीत नै छ, 'गाई पाल्यो बरी लै, वनको बाघलाई, छोरा पायो रेलीमाई जर्मनको धावालाई ।' कस्तो युग थियो ! आज संसारमा कति मान्छे चाहिन्छन् वा संसारले कति मान्छे पाल्न सक्छ ? भन्ने दरिलो प्रश्न खडा भएको छ । चीनमा जनसङ्ख्या धेरै भएर 'एक दम्पत्ति-एक सन्तान' भन्ने नीति धेरै वर्ष पालना गऱ्यो तर चीनमा खाने मान्छे धेरै भए, उत्पादन गर्ने मान्छे कम भए । त्यसैले, अहिले एउटा मान्छेभन्दा बढी नानी पाउन प्रोत्साहन गरिएको छ । युग जमाना कस्तो आयो ? युरोपका युवा दम्पत्ति एउटै कोठामा बस्छन् तर विवाह गर्दैनन् । किनभने सन्तान हुर्काउन, बढाउन, पढाउन सजिलो छैन । यस्तो युग आयो ! नेपालका पनि कति आमाहरू एउटा नानी पायो, पढायो, बढायो, हुर्कायो । त्यसैले पाल्छ भन्नेमा ढुक्क भयो । त्यही पनि कतिपय देशमा, खासगरी भारतमा जनसङ्ख्या यति धेरै छ जसलाई हुर्काउन, बढाउन, पढाउन सजिलो छैन । भारतको जनसङ्ख्या वृद्धिको प्रभाव जान्न चाहने हो भने त्यहाँका रेलवे स्टेसन र समुन्द्र नदीको किनारमा माछा मार्नेहरूको सङ्ख्या हेरे पुग्छ ।

**यो छनोट राम्रो हुनुपर्छ**

अहिले सरकारले स्मार्ट सिटीको अवधारणा ल्याएको छ । यो अवधारणा हाम्रो घरबारको व्यवस्थामा गतिलो ठहरिँदैन । तसर्थ, घर बनाउँदा ढुङ्गा, माटो, काठ, नर्कट र स्थानीय प्रतिभाको समुचित प्रयोग हुनुपर्छ । धेरै युगअघि निर्माण भएको रेशम मार्गले संसारलाई एक सूत्रमा आबद्ध गर्न सहयोग गरेको छ । अब अहिले रेशम मार्गको अवधारणा अघि बढाउने कि, स्मार्ट सिटीको अवधारणा अघि बढाउने भन्ने पक्ष-विपक्षमा धेरै मान्छे छन् । एकथरी तत्कालको लागि हेर्ने छन् भने अर्को थरी दीर्घकालीन रूपमा स्थायी बसोबासको अवस्था हेर्ने छन् । साँच्चै स्मार्ट सिटी बनाउने हो भने कति बालुवा, कति सिमेन्ट चाहिएला ? त्यसको हिसाब निकालिएको छैन । फेरि हामीकहाँ निकालिएको कुनै पनि काम योजनाअनुसार हुनसक्दैन । हाम्रा डकर्मी, सिकर्मी, लोहकर्मीहरूको ज्ञान र सीप निकै उचित छ । नेपालका गाउँघर तिनै प्राविधिज्ञले बनाए । २०७२ सालको भूकम्पमा भत्किएका घर पुनःनिर्माण गर्न इन्जिनियर, ओभरसियर पाउन मुस्किल भयो । नाइकेहरूबाट सबै काम लिनुपर्ने भयो ।


यस दृष्टिकोणले हेर्दा पनि आवासको समस्या कम पेचिलो छैन । मान्छे दिनभरि परिश्रम गरेर बेलुकी आफ्नो घरको कोठामा मस्तसँग आराम गर्न चाहन्छ । त्यसको लागि हरेक दम्पत्तिलाई एउटा कोठा आवश्यक पर्छ । तर, त्यो अवस्थामा नेपाल उक्लन सकेको छैन । उज्यालो भएदेखि अँध्यारो नहुँदासम्म गगनचुम्बी घर बनाउने काममा पसिना बगाउनेहरू आफूकहाँ सुत्छन्, टुङ्गो छैन । यो अवस्था बनाउनेले त घरमा सुत्न पाउनुपऱ्यो । यो अवधारणा समाजमा अझै बलियो रूपमा स्थापना हुनसकेको छैन । तसर्थ, सृष्टिको बिहानीदेखि अँध्यारो रहँदासम्म घर बनाउनेहरू प्रायःको आफ्नो घर हुँदैन । पेसा घर बनाउने तर आफ्नै घर नहुने ! कस्तो समाज होला ? हामी नेपाली कुनै पनि समस्यालाई सूक्ष्मरूपले केलाउने गर्दैनौँ । त्यसैको फलस्वरूप हो, अहिले आएको स्मार्ट सिटी र प्राचीन रेशम मार्गउपरको छलफल । यसमा हामी नेपाली हलुका भएर होइन, गम्भीर भएर टुङ्गोमा पुग्नुपर्छ ।

# गणतन्त्रवादी पाभेल पेस्तेल

एकथरी डिसेम्बरवादीहरू संवैधानिक राजतन्त्रका पक्षधर थिए। तिनका नेता निकिता मुराभ्योभ र सेर्गेइ त्रुबेत्स्कोइ थिए। अर्काथरी डिसेम्बरवादीहरू गणतन्त्र स्थापना गर्न चाहन्थे। पाभेल इभानोभिच पेस्तेल गणतन्त्रवादी धारका वैचारिक नेता थिए।

**बालापन**

पाभेल पेस्तेलको जन्म १७९३ जुलाई २५ (जुलाई १३) का दिन सेन्ट पिटर्सबर्गमा भएको थियो। १८ औँ शताब्दीको सुरुमा रूसमा युरोपेली ज्ञान र प्रविधि भित्र्याउन रूसी साम्राज्यका पहिलो सम्राट पिटर महानले नयाँ राजधानी पिटर्सबर्ग सहरको बाहिरी भागमा विदेशीहरूको बस्ती बसालेका थिए। अवसरको खोजीमा रूस भित्रिएका फ्रान्सेली, जर्मन, डचलगायत विदेशी पाहुनाहरूलाई त्यो बस्तीमा राखिन्थ्यो। पाभेलको जन्म त्यस्तै जर्मन आप्रवासी परिवारमा भएको थियो।




पाभेलका जिजुबुबाको पालादेखि नै पेस्तेल परिवारले दरबारको विश्वास जितेर महत्त्वपूर्ण पदहरू सम्हालेको थियो। पाभेलका हजुरबुबा साम्राज्ञी एलिजाबेथको पालामा पिटर्सबर्गको हुलाक सेवाका हाकिम थिए। हुलाकको हाकिमको मुख्य काम निजी पत्रहरू खोलेर राज्यविरोधी सूचना भए नभएको हेर्नु थियो। पाभेलका पिता इभान पेस्तेल पनि २४ वर्षको कलिलो उमेरमै साम्राज्ञी क्याथरिनको नियुक्तिमा मस्को क्षेत्रको हुलाक हाकिम भए। पछि सन् १८०६ मा इभान विशाल साइबेरिया क्षेत्रको गभर्नर नियुक्त भए। त्यहाँ उनले १५ वर्ष काम गरे। इभान पेस्तेल तत्कालीन भ्रष्ट रूसी प्रशासनमा भ्रष्टाचार नगर्ने, अकुत सम्पत्ति नजोड्ने इमानदार प्रशासक थिए। उच्च पदमा रहनुको एउटै सुख धेरैभन्दा धेरै मानिसलाई खुसी बनाउने क्षमता हुनु हो भनी उनी आफ्ना छोराहरूलाई सम्झाउँथे। पाभेलकी आमा एलिजावेता इभानोमा शिक्षित र सुसंस्कृत जर्मन परिवारमा हुर्केकी थिइन्।

**शिक्षा र सेना**

पाभेलको प्रारम्भिक शिक्षा उनको पुर्ख्यौली थलो ड्रेसडेन सहरमा भएको थियो। उनले त्यहीको एक प्राथमिक पाठशालामा सन् १८०५ देखि १८०९ सम्म शिक्षा लिएका थिए। यो सहर हाल जर्मनीको साक्सोनी प्रान्तमा पर्छ। त्यसबेला जर्मनी धेरै भुरेटाकुरे राज्यमा बाँडिएको थियो। साक्सोनी नेपोलियनको प्रभावमा रहेको जर्मन राज्य थियो। सन् १८०९ पछि नेपोलियन र रूसी जारको सम्बन्ध बिस्तारै बिग्रिन थाल्यो। युरोपका विभिन्न सहरमा पढिरहेका पाभेलजस्ता धेरै रूसी विद्यार्थीलाई रूस फर्काइयो र रूसकै विभिन्न विद्यालयमा भर्ना गरियो। यही क्रममा सन् १८१० मा पाभेल पिटर्सबर्गको सैनिक विद्यालयमा भर्ना भए। सो विद्यालय रूसी कुलीन वर्ग र उच्चाधिकारीका छोराछोरीलाई सैनिक अफिसरको तालिम दिन खोलिएको थियो। पिटर्सबर्ग फर्किँदा पाभेल १७ वर्षका थिए।

सैनिक विद्यालयमा पाभेल र उनका सहपाठीहरूलाई एक जर्मन गुरूले राजनीतिशास्त्र पढाउँथे। तिनै गुरूले पाभेल र उनका साथीहरूलाई फ्रान्सेली क्रान्ति र अमेरिकी स्वतन्त्रता आन्दोलनसँग परिचित गराए। अभागी जनताको जीवन सुधार्नु नै शिक्षाको उद्देश्य हुनुपर्छ भन्ने विचारमा पाभेलका पिता दृढ थिए। आफ्ना देशवासीको जीवनमा सकारात्मक परिवर्तन ल्याउनु नै जीवनको उद्देश्य बन्नुपर्छ भनी उनी छोराहरूलाई सम्झाउँथे। पाभेलको घरमा उनका पिताले सङ्ग्रह गरेका पुस्तकहरूको सानो पुस्तकालय थियो। पाभेल मिहिनेती विद्यार्थी थिए। घरको पुस्तकालयबाट पाभेलले ज्ञानको युग ( इनलाइटनमेन्ट) का विचारकहरू तथा फ्रान्सेली र अमेरिकी क्रान्तिमा महत्त्वपूर्ण भूमिका खेलेका विद्वान्हरूका पुस्तक अध्ययन गर्ने अवसर पाए। उनले जोन लक, मन्टेस्क्यु, रूसो, एडम स्मीथ, जेरेमी बेन्थम, थोमस जेफर्सन, भोल्टायर, मर्मोन्टेल, थोमस पेन, सेन्ट साइमन, आइज्याक न्युटनजस्ता विचारकका पुस्तक पढे। यिनै पुस्तक उनको दृष्टिकोण निर्माणका आधार बने।

सन् १८१२ गर्मीमा बेलायतलाई आर्थिक नाकाबन्दी गर्न नसघाएको निहुँमा नेपोलियनले रूसविरुद्ध युद्धघोष गरे। देश रक्षाको लडाइँमा होमिन पाभेलजस्ता धेरै रूसी युवाहरू कलिलो उमेरमै सेनामा भर्ती भए। सन् १८१३ मा साक्सोनीको लाइपजिग सहरमा भिषण युद्ध भयो। त्यसमा पाभेल घाइते भए। तैपनि, नेपोलियनको सेनासँग भिड्दै पाभेल आफ्नो पल्टनसँगै फ्रान्स पुगे। युद्धमा देखाएको वीरताको निम्ति उनले 'सुनौलो तरबार' प्राप्त गरे। नेपोलियनलाई रूसबाट धपाउने प्रसिद्ध रूसी जर्नेल कुतुजोभ आफैले पाभेललाई त्यो सम्मान प्रदान गरेका थिए। युद्धवीरको रूपमा पाभेल सन् १८१५ मा रूस फर्के।

उदार राजनीतिक व्यवस्था र स्वतन्त्र जीवनशैली भएको पश्चिम युरोपको केही वर्षको बसाइले पेस्तेलको मनमा गहिरो छाप पारेको थियो। रूसमा त्यस्तै परिवर्तन ल्याउन केही गर्नुपर्ने अठोटसहित रूस फर्केका धेरै युवामध्ये पाभेल पनि एक थिए।

**गुप्त समाज**

नेपोलियनविरोधी गठबन्धनमा रूसी सेनासँगै प्रसिया र अस्ट्रियाजस्ता देशका सेना थिए। अन्य देशका पल्टनहरूमा रात्रिभोजको बेला अफिसरहरूले छलफल गर्ने 'डाइनिङ क्लव' को चलन थियो। युद्धपछि रूसी सेनाका अफिसरहरूले त्यसकै सिको गरे। तिनै 'क्लव' हरू रूसी अफिसरहरूको निम्ति राजनीतिक र सामाजिक सुधारबारे छलफल गर्ने मञ्च बने। यिनै मञ्चबाट गुप्त समाजहरूको स्थापना हुन थाले।




मिखाइल नोभिकोभ गणतन्त्रवादी अफिसर थिए। उनैले सन् १८१६ मा पाभेललाई मुक्ति सङ्घको सदस्यता दिए। मुक्ति सङ्घको मूल नेतृत्व राजतन्त्रवादी थियो। मुक्ति सङ्घ केही वर्षपछि समृद्धि सङ्घमा फेरियो।

रूस फर्केको केही समयपछि पाभेल कर्नेल पदमा बढुवा भए। कर्नेल पाभेललाई दक्षिणको तुलचिन सहरमा खटाइयो। कर्नेलमा बढुवा भएपछि उनले लेखपढ गर्न र अफिसरहरूसँग घुलमिल हुन बढी समय पाए। सन् १८१८ मा तुलचिन सहरमा उनले समृद्धि सङ्घको नयाँ शाखा स्थापना गरे। उनले सङ्गठनलाई धेरै नयाँ सैनिक अफिसरहरूबिच विस्तार गरे। उनी गुप्त समाजको तुल्चिन शाखा प्रमुख बने।

पाभेल पेस्तेल मूलत: गणतन्त्रवादी थिए। गुप्त समाजमा सहभागी भएको केही समयपछि नै उनले संवैधानिक राजतन्त्रको सान्दर्भिकतामाथि प्रश्न उठाएका थिए। नेपोलियनको हारपछि प्रतिक्रियावादी गठबन्धनको नाइके भएर युरोपका प्रगतिशील आन्दोलनहरू दबाउन विभिन्न देशमा सेना पठाउने रूसका राजा संविधानको दायरामा बाँधिन तयार होलान् भन्ने उनलाई पटक्कै विश्वास थिएन। गुप्त समाजको मूल नेतृत्वले उनको विचारलाई उग्रवादी भनी पन्छाउन खोज्थ्यो। साध्यमा एकमत भए पनि साधनमा सहमति नहुँदा गुप्त समाजमा विभाजन निम्तियो। पाभेलको नेतृत्वमा दक्षिण रूसका क्रान्तिकारीहरूले आफ्नो अलग गतिविधि अगाडि बढाए।

सन् १८२१ मा पाभेलले भावी रूसी गणतन्त्रको निम्ति नयाँ संविधानको खेस्रा गर्न थाले। 'रूस्काया प्राभ्दा' (रूसी सत्य) नामक उनको संविधानको अन्तिम खेस्रा सन् १८२४ मा पूरा भयो। त्यसमा राज्यको पुन:संरचना गर्ने, नयाँ संविधान जारी गर्ने, राजधानी सार्नेदेखि २० वर्षका हरेक लोग्नेमान्छेलाई राजनीतिक र सामाजिक स्वतन्त्रता दिने, भूदास प्रथा उन्मूलन गर्ने, किसानलाई जमिन बाँड्नेजस्ता अनेक प्रावधान राखिएका थिए।

रूसको तत्कालीन राजधानी पिटर्सबर्ग भौगोलिकरूपमा युरोपेली रूसको उत्तरमा पर्थ्यो। युरोपेली रूस र एसियाली रूसको सन्तुलित विकास गर्न, राजधानीमा उत्तर र दक्षिणको समान पहुँच बढाउन र भित्री रूसमा उद्योग-व्यापारलाई विकास गर्न भोल्गा नदी किनारको निझ्नी नोभोग्राद सहरलाई रूसी गणतन्त्रको राजधानी बनाउनुपर्ने उनको प्रस्ताव थियो। राजधानी सहरलाई कुनै पनि प्रान्तअन्तर्गत नराखी केन्द्रअन्तर्गत विशेष सहर बनाउने उनको प्रस्ताव थियो। उक्त संविधानमा जम्मा दसवटा प्रान्तसहित बलियो केन्द्र भएको बहुजातीय रूसी गणतन्त्रको प्रस्ताव गरिएको थियो।



**मृत्युदण्ड पाएका डिसेम्बरवादीहरूको स्मृतिमा महाकवि पुश्किनले कोरेको चित्र**

रूसी साम्राज्यअन्तर्गतका सबै मानिसहरू जात र वर्गको विभेदबिना कानुनका आँखामा सबै समान हुनुपर्छ भन्ने उनको मान्यता थियो। उनी कुलीनहरूका सबै विशेषाधिकारहरू खारेज हुनुपर्छ भन्ने मान्यता राख्थे। अन्य डिसेम्बरवादीहरूजस्तै पाभेल पनि रूसको अमानवीय भूदास प्रथाका विरोधी थिए। उनले आफ्नो परिवारका भूदासहरूलाई मुक्त गर्ने प्रयास गरेका थिए। तर, उनको परिवारका भूदासहरूकी कानुनी मालिक उनकी आमा थिइन्। आमालाई मनाउन नसक्दा पाभेल सफल भएनन्। कुलीनहरूको जग्गा राज्यले कब्जा गरेर आधा भूदासहरूलाई वितरण गर्नुपर्छ र आधा राज्यको स्वामित्वमा रहनुपर्छ भन्ने उनको मान्यता थियो।

**अनुपस्थित विद्रोही**

योजनाबद्ध सैनिक विद्रोहबाट मात्र जारशाहीलाई फाल्न सकिन्छ भन्नेमा पाभेल स्पष्ट थिए। आवश्यक परे राजपरिवारका सम्पूर्ण सदस्यहरूको हत्या गरेर रूसी गणतन्त्रको निम्ति बाटो सफा गर्नुपर्छ भन्ने उनको मत थियो। उनी भन्थे, "हरेक युगको आफ्नो विशेषता हुन्छ। यो युग क्रान्ति र क्रान्तिकारी विचारको युग हो। रूसदेखि पोर्चुगलसम्म, बेलायतदेखि टर्कीसम्म, सम्पूर्ण अमेरिका, सबै ठाउँमा परिवर्तनको नयाँ उभार आइरहेको छ।"

दक्षिणमा तैनाथ रूसी पल्टनका युवा अफिसरहरूमा गुप्त समाजको बलियो प्रभाव थियो। उनीहरू स्वतन्त्रता र विद्रोहको निम्ति आतुर थिए। वैचारिक बेमेल रहे पनि जारविरोधी लडाइँमा सबै क्रान्तिकारी एक हुनुपर्छ भन्नेमा गुप्त समाजका सबै सदस्य सहमत थिए। विद्रोहको संयुक्त आह्वान गर्ने उद्देश्यले सन् १८२५ को सुरुमा पाभेल उत्तरी समाजको नेतृत्वसँग छलफल गर्न पिटर्सबर्ग पुगे। स्थापनाकालदेखि नै गुप्त समाजमा विद्रोहको उपयुक्त समयबारे बरोबर छलफल भइरहन्थ्यो। सुरुका वर्षहरूमा जार अलेक्सान्दरको मृत्यु भएर अर्को जार घोषणा हुनु अगाडिको अन्योलमा विद्रोह गर्ने निर्णय गरिएको थियो। अन्तत: गुप्त समाज सुरु भएको एक दशकपछि सन् १८२५ को संयुक्त बैठकले सन् १८२६ को गर्मीमा सैनिक अवलोकनको निम्ति जार दक्षिण भ्रमण आउँदा उनको हत्या गरेर विद्रोह सुरु गर्ने दुई गुप्त समाजबिच सहमति बन्यो।

सन् १८२५ मै पाभेलले नै सदस्य बनाएका गुप्त समाजका एक सदस्यले प्रशासनसामु षड्यन्त्रको भेद खोलिदिए। सैनिक खर्चमा गरेको भ्रष्टाचारका कारण कर्नेल पाभेल पेस्तेलको कारबाहीमा परिने डरले उनले गुप्त समाजलाई धोका दिएका थिए। षड्यन्त्रको रिपोर्ट पिटर्सबर्ग पुग्दासम्ममा जार अलेक्सान्दरको मृत्यु भइसकेको थियो। जारको मृत्युले विद्रोहको योजनामा अन्योल थपियो। उत्तरी गुप्त समाजले १८२५ डिसेम्बर २६ (१४) का दिन विद्रोह गर्ने तयारी गयो। तर, दक्षिणी समाजका नेता पाभेल पेस्तेल नै त्यस निर्णयबारे बेखबर थिए। साथीको विश्वासघातका कारण उनी पिटर्सबर्गमा विद्रोह हुनुभन्दा एकदिन अगाडि डिसेम्बर २५ (१३) मा समातिए। जनवरी १५ (३) मा पाभेललाई राजधानीको 'पिटर-पाउल किल्ला' पुर्‍याइँदासम्ममा गुप्त समाजका अधिकांश सदस्य पक्राउ परिसकेका थिए। समातिएको ६ महिना २० दिनपछि पाभेललगायत पाँचजना डिसेम्बरवादी नेताहरूलाई फाँसीको सजाय दिइयो। अरूलाई साइबेरियाको आजीवन निर्वासनमा पठाइयो।

पाभेल पेस्तेलमाथि जारको हत्या गर्ने योजना बनाएको, सैनिक विद्रोहको तयारी गरेको आरोपमा मुद्दा चलाइएको थियो। फाँसीको सजाय पाउने पाँचजनामध्ये पाभेल मात्रै डिसेम्बर विद्रोहमा प्रत्यक्षरूपमा सहभागी नभएका नेता थिए। उनलाई जारको तानाशाहीविरुद्ध क्रान्तिकारी विचार बोकेको कसुरमा फाँसी दिइएको थियो।



संरा अमेरिकाको वाशिङ्गटन डिसीस्थित जर्ज वाशिङ्गटन विश्वविद्यालयमा इजरायल-हमास युद्धको विरोध गरिरहेका विद्यार्थीहरूको सुरक्षा घेरामा प्रार्थना गर्दै मुस्लिम विद्यार्थीहरू अप्रिल २८, २०२४ आइतबार । गाजा युद्ध र प्यालेस्टिनी जनताको नरसंहारको विरोध गर्न संरा भरका कलेज र विश्वविद्यालय क्याम्पसमा विरोध र धर्ना क्याम्पहरू फैलिएका छन् । *तस्बिर : एपी/क्लिफ ओवेन*

# प्रविधिले खाद्य सुरक्षाका लागि उदीयमान अर्थतन्त्रमा कृषिलाई आकार दिन सक्छ : विश्व आर्थिक मञ्च

रियाद, २९ अप्रिल (एएनआई) । विश्व आर्थिक मञ्चले जारी गरेको एक प्रतिवेदनले विश्वव्यापी कृषि प्रणालीलाई आकार दिने र खाद्य सुरक्षामा योगदान पुऱ्याउने उदीयमान प्राविधिक समाधान र रणनीतिलाई प्रकाश गरेको छ ।

'एग्रिटेक : सेपिङ एग्रिकल्चर इन इमर्जिङ इकोनमिज, टुडे एन्ड टमुरो' नामक प्रतिवेदनले कृषि क्षेत्रमा चौथो औद्योगिक क्रान्ति प्रविधिको एकीकरणमा अन्तरदृष्टि प्रदान गरेको छ । प्रतिवेदनमा प्रविधि परिवर्तन समावेशी होस् भन्ने उद्देश्यले ठुलो मात्रामा समाधान गर्न र सुनिश्चित गर्नसमेत आह्वान गरिएको छ ।

मञ्चको नेटवर्क तथा साझेदारी प्रमुख सेबास्टियन बकअपले भन्नुभयो, "एग्रिटेकलाई मापन गर्न उदीयमान अर्थतन्त्रहरूले एग्रिटेक इकोसिस्टमका लागि सबै सरोकारद्वारा साझा गरिएको आम दृष्टिकोण बनाउन आवश्यक छ । इकोसिस्टमको विकास भएपछि उद्योगका लागि माग र आपूर्ति पक्षमा रहेको खाडललाई सम्बोधन गर्न महत्त्वपूर्ण हुन्छ, जस्तो कि किसानहरूका लागि एकाइ अर्थशास्त्र वा भौतिक तथा डिजिटल च्यानलहरूको मिश्रणमार्फत विश्वास सिर्जना गरिन्छ ।"

संवर्धित वास्तविकता, मौसम पूर्वानुमानका लागि कृत्रिम बौद्धिकता (एआई), ट्रेसेबिलिटी, स्मार्ट लजिस्टिक समाधान र इन्टरनेट अफ थिङ्स आशाजनक समाधानहरू भएको प्रतिवेदनमा उल्लेख छ । यिनीहरूले सूचना अन्तर कम गर्न र किसानहरूलाई चुनौतीहरू व्यवस्थापन गर्न अझ राम्रोसँग लैजान सक्ने प्रतिवेदनमा भनिएको छ ।

यी प्रविधिहरूलाई सन् २०५० सम्ममा नौ अर्ब १० करोड मानिसका लागि थप ७० प्रतिशत खाद्यान्न उब्जाउन र कृषि क्षेत्रलाई रूपान्तरण गर्न महत्त्वपूर्ण मानिएको छ ।

जलवायु परिवर्तनको प्रभाव, प्राकृतिक प्रकोपको बढ्दो आवृत्ति र माटोको क्षयजस्ता चुनौतीहरूले विश्वव्यापीरूपमा खाद्यान्न उत्पादनमा गम्भीर खतरा उत्पन्न गरेको प्रतिवेदनले औँल्याएको छ । यी चुनौतीहरूलाई सम्बोधन गर्न कृषि क्षेत्रका प्रत्येक सरोकारवालाहरू सूचित निर्णय प्रक्रियालाई सहज बनाउन थप जानकार बन्न आवश्यक छ ।

पीडब्लुसी भारतका अध्यक्ष सञ्जीव कृष्णनले भन्नुभयो, "कृषि क्षेत्रमा उदीयमान अर्थतन्त्रहरूले साझा अवरोधको सामना गरिरहेका छन् । एग्रिटेकमा कृषिसँग किसानलाई जलवायु परिवर्तनलाई राम्रोसँग मार्गनिर्देशित गर्न र पानी, माटोजस्ता बहुमूल्य प्राकृतिक स्रोतमा दबाब कम गर्न सशक्त बनाउन परिवर्तनकारी क्षमताहरू रहेका छन् । यी कदम सार्वजनिक-निजी साझेदारीलाई बढावा दिन निहित छन् तर मापनयोग्यमात्र नभई प्रत्येक देशको अद्वितीय सन्दर्भमा पनि अनुकूल छन् ।"

# गर्मीका कारण बङ्गलादेशमा विद्यालय पुनः बन्द

ढाका, १७ वैशाख एएफपी) । बङ्गलादेशको एक अदालतले गर्मीका कारण सोमबार देशभरका विद्यालय बन्द गर्न आदेश दिएको छ ।

यसअघि अत्यधिक तापक्रमका बावजुद लाखौँ बालबालिकालाई सोमबारदेखि विद्यालयमा उपस्थित भई नियमित कक्षा सञ्चालनको वातावरण बनाउन सरकारले आग्रह गरेको थियो ।

वैज्ञानिक अनुसन्धानले जलवायु परिवर्तनका कारण तातो हावा चल्दा देशभर शिक्षक, कर्मचारी र विद्याथीहरू बिरामी परेका वा मृत्यु भएका खबरहरूपछि विद्यालय बन्द गर्ने निर्णय गरिएको थियो ।

पछिल्लो एक हप्तामा राजधानी ढाकाको औसत तापक्रम ३० वर्षको औसत तापक्रमभन्दा ४-५ डिग्री सेल्सियस बढी रहेको छ ।

सरकारले अप्रिलको सुरुदेखि नै अत्यधिक गर्मीका कारण कम्तीमा सात जनाको मृत्यु भएको र बिहीबारसम्म राजधानीको अधिकतम तापक्रम ४० डिग्रीभन्दा माथि रहने अनुमान गरेको छ ।

उपमहान्यायाधिवक्ता शेख सैफुज्जमानले एएफपीसँग भन्नुभयो, "उच्च अदालतको दुई न्यायाधीशको संयुक्त इजलाशले 'गर्मीका कारण सबै प्राथमिक र माध्यमिक विद्यालय र मदरसाहरू बन्द गर्ने' आदेश जारी गरेको छ ।

सैफुज्जमानका अनुसार वकिलहरूले गर्मीका कारण कैयौँ शिक्षकको मृत्यु भएको बताएपछि अदालतले उक्त आदेश जारी गरेको हो । अदालतले आगामी आइतबारसम्म अनुमानित तीन करोड २० लाख विद्यार्थीका लागि विद्यालय बन्द गर्न निर्देशन दिएको छ ।

गर्मी कायमै रहेपछि सरकारले अप्रिल २१ देखि एक हप्ताका लागि देशव्यापीरूपमा विद्यालय बन्द गर्ने निर्णय गरेको थियो ।

ढाकामा आइतबारदेखि कक्षा सुरु भएको थियो र चिन्तित आफन्तहरू आफ्ना छोराछोरीसँगै विद्यालयको गेटमा पुगेका थिए ।

स्थानीय फातिमा तुज जोहोरले आइतबार एएफपीसँग भन्नुभयो, "विद्यालयहरू बन्द गर्न गाह्रो छ किनभने बच्चाहरू घरमा पढ्न चाहँदैनन् । तर यो गर्मीमा उनीहरू कसरी विद्यालय आउन सक्छन् ?"

बङ्गलादेशको मौसम विभागले बिहीबारसम्म तापक्रम नघट्ने जनाएको छ ।

मौसमविद् मोहम्मद अबुल कलाम मल्लिकले आइतबार एएफपीसँग कुरा गर्दै सन् १९४८ मा रेकर्ड सुरु भएयता बङ्गलादेशमा यति ठूलो गर्मी नदेखिएको बताउनुभयो ।

बढ्दो तापक्रमले बङ्लादेशको लगभग तीन चौथाई भागलाई असर गरिरहेको छ ।

मल्लिकका अनुसार जलवायु परिवर्तन र तीव्र शहरीकरण, वन फँडानी, पानीका मुहान खुम्चिँदै जानु र वातानुकूलनको बढ्दो प्रयोगजस्ता मानवसिर्जित कारणहरू उष्ण वायुको वर्तमान् समस्याका लागि जिम्मेवार छन् ।

# चीनले विद्यालयमा दुर्व्यवहारविरुद्ध अभियान सुरु गर्ने

पेइचिङ, २९ अप्रिल (सिन्ह्वा) । प्राथमिक, माध्यमिक विद्यालय र किन्डरगार्टेनहरूमा विद्यार्थीहरूको सुरक्षा सुनिश्चित गर्न व्यापक प्रयासहरूबिच चीनमा राष्ट्रव्यापी दुर्व्यवहारविरोधी अभियान सुरु गरिने अधिकारीहरूले बताएका छन् ।

शिक्षा तथा सार्वजनिक सुरक्षा मन्त्रालयका साथै अग्नि तथा उद्धार प्रशासनको संयुक्त बैठकले सबै प्राथमिक र माध्यमिक विद्यालयमा दुर्व्यवहारका घटनामा केन्द्रित भएर बृहत् अनुसन्धान गरिने जनाएको छ । बैठकले जवाफदेहिता प्रणालीमा सुधारका लागि पहल गर्नुका साथै कानुनको शासनबारे शिक्षक, विद्यार्थी र अभिभावकलाई शिक्षित गराउनुपर्नेमा जोड दिएको थियो ।

बैठकले विद्यार्थीहरूको मानसिक स्वास्थ्य अनुगमनमा सुधार गर्नुपर्ने आवश्यकतालाई जोड दिँदै विद्यार्थीहरूलाई अनिवार्य शिक्षामा गृहकार्य र विद्यालयबाहिरको ट्युटरिङको अत्यधिक बोझलाई कम गर्न ठोस कदम चाल्न आह्वान गरेको छ ।

विशेषगरी ग्रामीण तथा आवासीय विद्यालयमा विद्यालय भवनको सुरक्षा, आगलागी रोकथाम र खाद्य सुरक्षालाई सुनिश्चित गर्नका लागि आवश्यक कदम चाल्ने गरी सुरक्षा उपायहरू सुधार गर्न प्रयास गरिने बैठकले जनाएको छ ।

## विश्व सङ्क्षेप

# श्रीलङ्काद्वारा ब्रिक्समा सामेल हुने आशा व्यक्त

कोलम्बो, २९ अप्रिल (सिन्ह्वा) । रुसका लागि श्रीलङ्काका राजदूत जनिता अबेविक्रमा लियानागेले निकट भविष्यमा ब्रिक्समा सामेल हुने आशा राखेको बताउनुभएको छ ।

रुसको सेन्ट पिटर्सबर्गमा सुरक्षा मामिलाका लागि जिम्मेवार उच्च प्रतिनिधिहरूको भर्खरै भएको अन्तर्राष्ट्रिय बैठकमा श्रीलङ्काको सहभागितापछि उहाँले उक्त टिप्पणी गर्नुभएको हो । राजदूत लियानागेले श्रीलङ्काले ब्रिक्समा सामेल भएर यातायात र खाद्य सुरक्षामा धेरै फाइदा लिन सक्ने बताउनुभयो ।

ब्रिक्स एउटा उदीयमान बजार सहकारी संयन्त्रको सङ्क्षिप्त रूप हो । यसमा प्रारम्भमा ब्राजिल, रुस, भारत, चीन र दक्षिण अफ्रिका समावेश थिए ।

जनवरी १ मा साउदी अरेबिया, इजिप्ट, संयुक्त अरब इमिरेट्स, इरान र इथियोपिया ब्रिक्समा सामेल भएपछि हाल यसको सदस्य सङ्ख्या पाँचबाट बढेर १० पुगेको छ ।

# श्रीलङ्कामा सन् २०२० देखि मृत्युदरमा वृद्धि र जन्मदरमा कमी

कोलम्बो, २९ अप्रिल (सिन्ह्वा) । श्रीलङ्का रजिस्ट्रार जनरल विभागका एक वरिष्ठ अधिकारीले श्रीलङ्कामा सन् २०२० देखि वार्षिक जन्मदरमा उल्लेखनीय गिरावट आएको र वार्षिक मृत्युदर बढेको बताउनुभएको छ ।

वरिष्ठ डेपुटी रजिस्ट्रार जनरल, महान्यायाधिवक्ता लक्षिका गणपोलाले सन् २०२० अघि वार्षिक जन्मदर तीन लाख २५ हजार रहेको तर हाल सन् २०२३ मा घटेर दुई लाख ८० हजार पुगेको जानकारी दिनुभयो ।

उहाँले वार्षिक मृत्यु बढेर एक लाख ८० हजार पुगेको बताउनुभयो । सन् २०२० अघि यो सङ्ख्या एक लाख ४० हजार थियो । यो प्रवृत्तिले श्रीलङ्काको जनसङ्ख्या वृद्धिमा प्रतिकूल असर पार्ने उहाँले बताउनुभयो ।

# केन्यामा बाँध फुटेपछि कम्तीमा ४२ को मृत्यु

माई महिउ, २९ अप्रिल (एएफपी) । केन्याको राजधानी नैरोबीको उत्तरमा रहेको एउटा सहरमा बाँध फुट्दा कम्तीमा ४२ जनाको मृत्यु भएको स्थानीय गभर्नरले सोमबार एएफपीलाई बताउनुभएको छ । पूर्वी अफ्रिकी देश केन्याले भारी वर्षा र बाढीको सामना गरिरहेको छ ।

"बाँध फुट्दा ४२ जनाको मृत्यु भएको अस्पष्ट अनुमान गरिएको छ, अहिले पनि धेरै मानिस माटोमा छन्, हामी पुनःप्राप्तिका लागि काम गरिरहेका छौँ," नाकुरु काउन्टीका गभर्नर सुसान किहिकाले भन्नुभयो ।

माई महिउको रिफ्ट भ्याली सहर नजिकैको बाँध फुटेर घर तथा सडकलाई बगाएको छ । यसअघि अधिकारीहरूले केन्यामा मार्चयता ७६ जनाले ज्यान गुमाएको जानकारी दिएका थिए । सामान्यभन्दा भारी वर्षाले पूर्वी अफ्रिकामा एल निनो मौसमको ढाँचाले जटिल बनाएको थियो ।

सन् २०१८ मेमा भीषण वर्षा र बाढीको बेला नाकुरु काउन्टीको सोलाईमा पनि बाँध फुट्दा दर्जनौँ व्यक्तिको मृत्यु भएको थियो ।

# शाही अपमानका कारण प्रमुख थाई कार्यकर्तालाई थप दुई वर्षको कारागार सजाय

बैङ्कक, २९ अप्रिल (एएफपी) । थाइल्यान्डको एक अदालतले सोमबार मुलुकका प्रमुख प्रजातन्त्र कार्यकर्तामध्येका एकलाई शाही अपमानको आरोपमा थप दुई वर्षको कारागार सजाय सुनाएको छ ।

प्रख्यात मानवअधिकार वकिल अर्नोन नम्पाविरुद्ध लगाइएको यो पछिल्लो आरोप हो । उहाँले अहिले १० वर्षभन्दा धेरै कारागार सजायको सामना गर्नुभएको छ । सन् २०२१ मा फेसबुकमा पोस्ट गरिएको तीन सन्देशका लागि जनवरीमा चार वर्षको कारागार सजाय सुनाइएपछि उहाँ हाल कारागारमा हुनुहुन्छ । यसमा उहाँले पहिला नै लेज-मेजेस्टे (शासकको मर्यादा उल्लङ्घन गर्ने अपराध) का लागि चार वर्षको सजाय भोगिरहनुभएको छ ।

सरकारले असहमतिलाई दबाउन कठोर कानुनको प्रयोग गरेको र राजा महा वजिरालोङ्गकर्न तथा उहाँका परिवारको रक्षा गर्ने कठोर कानुनअन्तर्गत धेरै मानिसमाथि मुद्दा चलाएको आलोचकहरूले बताएका छन् ।

बैङ्ककको आपराधिक अदालतले थाइल्यान्डको शाही मानहानि कानुनमा संशोधनका लागि सन् २०२१ मा ह्यारी पोर्टर-थिम ऱ्यालीमा आह्वान गरेकामा अर्नोनलाई दुई वर्ष २० दिनको कारागार सजाय सुनाइएको थियो ।

थाई लयर्स फर ह्युमन राइट्सले उहाँलाई लेज-मेजेस्टेको उल्लङ्घन, आपत्कालीन आदेशको अवहेलना र बिनाअनुमति लाउडस्पिकरको प्रयोगसहित चार आरोपमा दोषी पाएको बताएको छ ।

सन् २०२० मा थाइल्यान्डका युवाहरूको नेतृत्व गर्ने लोकतन्त्र समर्थक विरोध प्रदर्शनमा राजतन्त्रको सुधारका लागि अभूतपूर्व आह्वान गर्न हजारौँ मानिस सडकमा उत्रिएका थिए ।

अर्नोनलाई सजाय सुनाउँदै आपराधिक अदालतले लाउडस्पिकर प्रयोग गरेकामा एक सय ५० भाट जरिवानासमेत गरेको थियो ।


हालैका वर्षहरूमा लेज मेजेस्टे कानुनअन्तर्गत आरोप लगाइएका एक सय ५० भन्दा बढी कार्यकर्तामध्ये अर्नोन एक हुनुहुन्छ । लेज मेजेस्टेलाई फौजदारी संहिताको प्रासङ्गिक खण्डपछि '११२' भनिन्छ ।

# पुनर्निर्माणको कथा : जनताको सहयोगमा उठेको भक्तपुर

✍ सुनिल प्रजापति,
भक्तपुर नगरपालिकाका प्रमुख

०७२ वैशाखको भूकम्पबाट अति प्रभावित १४ जिल्लामध्ये भक्तपुर एक थियो । पुरानो नगर क्षेत्र भग्नावशेषमा परिणत भयो । मानवीय क्षतिसमेत व्यहोर्‍यो । नाकाबन्दीलगायत विभिन्न कारणले झन्डै दुई वर्ष पुनर्निर्माणले गति लिन सकेन । भक्तपुरमा नेपाल मजदुर किसान पार्टी (नेमकिपा) को प्रभाव चार दशकभन्दा लामो समयदेखि छ ।

सङ्घीयता कार्यान्वयनको लागि भएको पहिलो स्थानीय तह निर्वाचन ०७४ मा भक्तपुर नगरपालिकामा सुनिल प्रजापति नेतृत्वमा नेमकिपाका सबै उम्मेदवार विजयी भए । भक्तपुरले विदेशी सहयोगविना नै जनताको प्रत्यक्ष सक्रियता र श्रममा पुनर्निर्माणको उदाहरणीय काम गरेको छ । अन्वेषण अधिकारीसँगको कुराकानीमा भक्तपुर नगर प्रमुख सुनिल प्रजापतिले पुनर्निर्माण, स्वास्थ्य र शैक्षिक रूपान्तरणको अनुभव साटेका छन् ।


तस्बिर : सतिश पोखरेल


फाइल तस्बिर


फाइल तस्बिर

पुनर्निर्माणपछिको पाँचतले मन्दिर (माथि), भक्तपुर नपा- १ स्थित भाजुपोखरी र भक्तपुर नपा- ५ स्थित भैरवनाथ मन्दिर पुनर्निर्माणमा जुटेका स्थानीय ।

स्थानीय तह निर्वाचनलगत्तै हामीले पुनर्निर्माणलाई गति दिनेबारे छलफल थाल्यौं । विदेशी दाताहरूले सहयोगको प्रस्ताव ल्याउनुभएको थियो । तर, हाम्रो जोड आफ्नै शक्तिले उठ्नुपर्छ भन्नेमा रह्यो । निर्वाचनअघि नै जर्मन सरकारले जर्मन विकास बैङ्क (केएफडब्लु) मार्फत भक्तपुर नगरपालिका पुनर्निर्माणका लागि झन्डै १ अर्ब २० करोड रूपैयाँ (एक करोड युरो) दिने सम्झौता नेपाल सरकारसँग गरेको रहेछ ।

हामी निर्वाचित भएर आउँदा त्यो सम्झौता कार्यान्वयनको चरणमा थियो । त्यहाँ विभिन्न सर्त थिए । कुनै कम्पनीलाई पुनर्निर्माणको ठेक्का दिनुपर्ने, मुद्दा-मामिला पर्दा उनीहरूकै अदालतले हेर्ने, अडिटर उनीहरूले नै नियुक्त गर्ने, निर्देशक समितिको चयन उनीहरूले नै गर्ने, प्राविधिक उनीहरूले नै छनोट गर्ने, निर्देशक बोर्डकै सिफारिसमा सामान खरिद गर्नुपर्नेलगायत बुँदा थिए । हामी ठेक्कामा काम गर्न चाहँदैनथ्यौं । हाम्रो आफ्नै अदालत छ, महालेखापरीक्षकको कार्यालय छ, यी सर्त मान्न सक्दैनौं, सच्याउनुस् भन्यौँ । नेपाल सरकार र जर्मनीका प्रतिनिधिहरूसँग धेरैपटक छलफल भयो । तर, जर्मनीको संसद्बाटै अनुदान सम्झौता स्वीकृत भएर आएको हुनाले कुनै पनि बुँदा संशोधन गर्न नसकिने उहाँहरूको जवाफ आयो ।

एक अर्ब २० करोड फिर्ता जाँदा प्रश्न उठे । कतिपयले 'भक्तपुर लामो समयसम्म भग्नावशेषमा रहने भयो' भनेर पनि टिप्पणी गरे । हामी कामले जवाफ दिनुपर्ने पक्षमा थियौं । विदेशीको अनुभव पनि अध्ययन गरेका थियौं । हाइटीमा सन् २०१० को भूकम्पपछि ठुलो सङ्ख्यामा आइएनजीओ र अन्तर्राष्ट्रिय दाता पुगे । अर्बौं डलर सहयोग जुट्यो । तर, पुनर्निर्माण असफल भयो ।

उता, चीनले सिचुआनमा सन् २००८ को भूकम्पपछि तीन वर्षमै पुनर्निर्माण सम्पन्न गर्‍यो । यी अनुभव हाम्रा लागि पाठ बने । अर्को, विसं १९९० को भूकम्पको हाम्रो आफ्नै नजिर थियो । त्यतिबेला विदेशीसँग कुनै सहयोग नै नलिई नेपालले पुनर्निर्माण गरेको थियो ।

तीन सय वर्षभन्दा अघि हाम्रा पुर्खाले त्यति धेरै सम्पदा आफ्नै श्रमले बनाए । त्यसैले त अहिले हामीले त्यसमा अपनत्व महसुस र गर्व गर्न पाएका छौँ । विदेशीसँग अनुदान मागेर पुनर्निर्माण गर्दा भोलिको पुस्ताले के गर्व गर्ने ठाउँ रहला ? यी प्रश्न हाम्रासामु थिए । त्यसैले हामीले आफैँ पुनर्निर्माण गर्ने योजना बनायौँ । त्यसपछि यसबारे जनतालाई बुझायौँ ।

नगरपालिकाले सञ्चालन गरेका दुई कलेज ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङबाट वार्षिक चार सय ३२ जना इन्जिनियर उत्पादन हुन्छन् । पुनर्निर्माणको लागि उनीहरूको योगदान महत्त्वपूर्ण हुनेवाला थियो । स्थानीय युवाहरूलाई पनि सिकर्मी र डकर्मीको तालिम दिइयो । श्रमदानका लागि स्थानीयलाई आह्वान गर्‍यौँ ।

हामीले कुनै पनि सम्पदा पुनर्निर्माण र जीर्णोद्धारको काम ठेक्कामा दिएनौँ । उपभोक्ता समिति गठन गरेर स्थानीयलाई पुनर्निर्माणको जिम्मा सुम्पियौँ । यसका लागि आवश्यक कानुन नगरसभाबाट पारित गर्‍यौँ । संविधानले आठौँ अनुसूचीमा दिएको २२ वटा ऐन बनाउन सक्ने अधिकार प्रयोग गर्दै नगरपालिकाले धेरै ऐन, कानुन र नियमावली बनाएको छ । शिक्षा ऐन, सहकारी ऐन, खेलकुद ऐन, कला संस्कृति संरक्षण ऐनलगायत ६७ वटा कानुन नगरपालिकाले बनाइसकेको छ । हामीलाई काम गर्दा कुनै विषयमा द्विविधा हुँदैन ।

स्थानीयलाई साथमा लिएर काम गर्नुपर्छ भन्नेमा हामी सधैं स्पष्ट छौं । पहिलो कार्यकालमै एक सय २४ वटा सम्पदा पुनर्निर्माण तथा जीर्णोद्धार भए । अहिलेसम्म आइपुग्दा एक सय ५८ वटा सम्पदाको पुनर्निर्माण तथा जीर्णोद्धार भइसकेको छ । १६ वटा पुनर्निर्माणको क्रममा छन् । मठ, मन्दिर,पाटी, द्यो: छेँ, प्रवेशद्वार, सत्तललगायतको पुनर्निर्माण तथा जीर्णोद्धार चलिरहेको छ । इनार, पोखरी, ढुङ्गेधाराको पुनर्निर्माण तथा संरक्षणमा पनि स्थानीय उत्तिकै सक्रिय छन् ।

हुन त निजी घरहरूमा भूकम्पले ठुलो क्षति पुर्‍याएको थियो । तर, जनताले पहिले आफ्नो घरजत्तिकैको सम्पदा पुनर्निर्माण गर्नेमा ध्यान दिए । विदेशी सहयोग वा कुनै ठेकेदार कम्पनीअन्तर्गत काम हुँदा यस्तो अपनत्व पक्कै महसुस हुने थिएन ।

ऐतिहासिक ङातापोल्हँ (पाँचतले मन्दिर) जीर्णोद्धारमा ४२ सयभन्दा धेरैले श्रमदान गरे । ङातापोल्हँ जीर्णोद्धारमा ६५ लाख १३ हजार लाग्ने अनुमान नगरपालिकाले गरेको थियो । यसको माथिल्लो तला पूरै भत्केको र अन्य तला पनि चिराचिरा परेकोले जीर्णोद्धार गर्नुपर्ने थियो । तर, नगरपालिकाको ३८ लाख ७७ हजार रूपैयाँ अर्थात् अनुमान गरेभन्दा ५९.५२ प्रतिशत कम रकम खर्चमै जीर्णोद्धार सम्पन्न भयो । यसको लागि १६-१७ लाख जनस्तरबाट आर्थिक सहयोग उठ्यो । जिन्सी पनि उत्तिकै उठेको थियो । हामी आफैँले पुनर्निर्माण गर्‍यौँ भनेर गर्व भयो । इन्जिनियरिङ कलेजका प्राध्यापकहरूले नै इन्जिनियरिङ र आर्किटेक्ट डिजाइन गर्नुभयो ।

पाँचतले मन्दिरको छानाका लागि चाहिने झिँगटी घरघरबाट मानिसहरूले खर्पनमा बोकेर ल्याई सहयोग गरेका थिए । ती झिँगटी पुराना संरचनामा प्रयोग भएका र संरचना भत्किएपछि प्रयोगविहीन अवस्थामा थिए । श्रमदान गर्ने इच्छा बोकेर आउनेहरूलाई पालो दिन नै नगरपालिकालाई हम्मे थियो । माटो मुछ्ने, डल्ला पास गर्ने, इँटा बोक्नेलगायतका कामका लागि कममात्र ज्याला खर्च भयो । यसरी जनस्तरबाट सहयोग नभएको भए पुनर्निर्माण सम्भव नै हुने थिएन । झिँगटी नयाँ किन्न समस्या थियो । अहिले त यो उत्पादन हुँदैन । पैसाभन्दा जनता शक्तिशाली छन् भन्ने पुनर्निर्माणले देखाइदियो । त्यसैले यो पुनर्निर्माण अभियान नवनिर्माणको एक नयाँ थालनी पनि हो ।

तर, सङ्घीय सरकारबाट हामीले जुन सहयोग पाउनुपर्ने थियो, त्यो पाएनौँ । काठ मात्रै सरकारी मूल्यमा उपलब्ध गराइदिएको भए सम्पदा पुनर्निर्माण धेरै सहज हुने थियो । थन्थु दरबार पुनर्निर्माणको क्रममा एक तलाका लागि अहिलेसम्म झन्डै दुई करोडको काठ मात्रै किनिसक्यौँ । मल्लकालीन त्यो दरबार वि.सं. १९९० सालको भूकम्पपछि पुनर्निर्माण गर्दा स्वरूप केही बदलिएको रहेछ । हामीले पुरानै स्वरूप कायम हुने गरी पुनर्निर्माण गरिरहेका छौँ । यसमा काठ धेरै प्रयोग हुन्छ । साँझ्या (बुट्टे झ्याल) बनाउन महँगो छ । हामीले आफ्नै वर्कसप, आफ्नै कालीगढमार्फत यस्ता कलाकृति बनाइरहेका छौँ । सरकारी रेटमै काठ सहजरूपमा पाएको भए प्रतिक्युफिट रु. तीन हजारजतिमा आउँथ्यो । अहिले टेन्डरमा करिब सात हजारजति तिरेर किन्नुपर्ने बाध्यता छ ।

दरबार स्क्वायरको नृत्य वत्सला मन्दिर निर्माणमा हामीले एक करोड २८ लाख रूपैयाँ लाग्ने इस्टिमेट गरेका थियौँ । तर, ७७ लाखमै पुनर्निर्माण भयो । त्यसमा पनि ६ लाख रूपैयाँ स्थानीय र विदेशी पर्यटकहरूबाट १-२ डलर चन्दा प्राप्त भएको थियो । स्थानीयको श्रमदान र सहयोग तथा नगरपालिकाको व्यवस्थापनका कारण झन्डै आधा मूल्यमा यसको निर्माण सम्पन्न भएको हो । ठेक्का दिँदा एक करोड २८ लाखले पुगेन भन्दै मानिस थप पैसा माग्न आउँछन् । समयमा पनि निर्माण हुँदैन । तर, उपभोक्ता समितिले धेरै सस्तोमा समयमै पुनर्निर्माण सम्पन्न गर्‍यो । जनताको ताकतको उदाहरण हो यो ।

९ नम्बर वडामा रहेको वाकुपति चाँगुनारायण मन्दिरको छानामा सुनको जलप लगाउने कामका लागि करिब दुई करोड अनुमान गरेकोमा निकै कम बजेटमै सम्पन्न भयो । नगद र जिन्सी (सुन, चाँदी) समेत गरी कुल एक करोड ३८ लाखभन्दा बढी खर्च भएकोमा नगरपालिकाको २५ लाख रूपैयाँ मात्रै खर्च भयो । अरू सबै चन्दा सहयोग प्राप्त भएको थियो । स्थानीयले सुनचाँदी पनि दान दिनुभयो । इस्टिमेट गर्ने, डिजाइन बनाउनेलगायत प्राविधिक काम नगरपालिकाले गरेको थियो ।

हनुमानघाटमा मौलिक शैलीको कलात्मक ढोका बनायौँ । करिब ४५-४६ लाखभन्दा बढी खर्च भयो । इस्टिमेट डिजाइन सबै नगरपालिकाले गर्‍यो । यहाँ सबै सहयोग स्थानीयबाटै उठ्यो । नगरपालिकाको एक पैसा पनि परेन । हामीले पुनर्निर्माण घोषणा गर्ने बेलामा नै भनेका थियौँ, पहिले आफैँ उठाउनुस् । नपुगेको सबै नगरपालिकाले व्यहोर्छ । स्थानीयले यसमा अपनत्व महसुस गरे । केही वर्षअघि मात्रै रानीपोखरी पुनर्निर्माण गर्‍यौँ । यहाँको रानीपोखरी काठमाडौंको भन्दा ४० वर्ष पुरानो हो । धेरैलाई थाहा नभएको उक्त पोखरी पनि जस्ताको त्यस्तै बनाएका छौँ ।

ऐतिहासिक भाजुपुखु यस्तै एक उदाहरण हो । भक्तपुर बहुमुखी क्याम्पससँगै जोडिएको यस पोखरी ८ सय वर्ष पहिले बनेको थियो । यो जीर्ण थियो । ०५४ सालमा निर्वाचित नगरपालिकाका जनप्रतिनिधिहरूले ०५८ सालमा नै यस पोखरीलाई पुनर्निर्माण गर्न खोज्नुभएको थियो । तर, कार्यकालको अन्त्यतिर मात्रै काम सुरु भयो । ०५९ सालदेखि स्थानीय निकाय जनप्रतिनिधिविहीन भएकाले यहाँको काम अलपत्र पर्‍यो ।

पछिल्लो समय यहाँ वर्षायामबाहेकको समय पानी नै थिएन । स्थानीय सरकार बनेपछि हामीले यसलाई जीर्णोद्धार गरेर फेरि पहिलेकै अवस्थामा फर्काएका छौँ । उपभोक्ता समितिमार्फत काम गर्दा जनसहभागिता बढ्ने, कामप्रति अपनत्व महसुस हुने र कम बजेटमै योजना सम्पन्न हुने गरेको हाम्रो अनुभव छ । पारदर्शिता र कामको गुणस्तरमा कहिल्यै सम्झौता गरेका छैनौँ ।

केही समयअघि मात्रै एउटा जापानी संस्थाले श्वासप्रश्वास पुनर्स्थापना केन्द्र निर्माणको लागि सहयोग गर्ने प्रस्ताव गर्‍यो । हाम्रो एजेन्डा उही थियो, ससर्त हुनुभएन । ठेक्कामा काम गर्दैनौँ । पहिलो चरणमा एक करोड ७० लाख रूपैयाँ पैसा दियो । ठेक्का नदिने हो भने सम्झौता भएको आठ महिनामा भवन तयार गरेर हस्तान्तरण गर्नुपर्छ भन्यो । हामीले तपाईंहरू सबै प्राविधिक पनि ल्याउनुस् । अनुगमन पनि गर्नुस् । गुणस्तरमा सम्झौता हुँदैन, यो हाम्रा लागि पनि अवसर हो भन्यौँ ।

उक्त संस्थाबाट हप्तैपिच्छेजसो डाक्टर, इन्जिनियर र सम्बन्धित पदाधिकारी अनुगमनमा आउनुभयो । हामीले एक करोड ३६ लाखमा समयमै पुनर्निर्माण सक्यौँ । बाँकी रहेको ३४ लाख जापानमै फिर्ता पठाइयो । "अरू ठाउँमा पैसा पुगेन भन्छ । तपाईंहरूले त सबै काम गरेर पनि उल्टै पैसा फिर्ता गर्नुभयो," उनीहरूले अचम्म मान्दै भने । हाम्रो विशेषता नै यही हो ।

**मौलिक स्वरूपमै निजी घर**

हामी पुरानो सहरको मौलिकता कायम राख्नुपर्छ भन्नेमा सचेत छौँ । त्यहीअनुसार नीति बनायौँ । भक्तपुर नगरपालिकाको करिब तीन वर्ग किलोमिटरजतिमा फैलिएको प्राचीन सहरमा सबै घरको बाहिरी मोहोडा मौलिक शैलीकै छ । मोहोडामा लाग्ने इँटा, झिँगटी, काठका लागि नगरपालिकाले ३५ प्रतिशतसम्म अनुदानको व्यवस्था गरेको छ । अनुदानको व्यवस्थाले स्थानीयलाई उत्साहित पनि बनाएको छ । केही नियम पनि छन्, आल्मुनियम प्रयोग गर्न नपाइने, इँटा नै प्रयोग गर्नुपर्ने, काठको झ्याल नै राख्नुपर्ने । अहिले पूरै नगर घुम्दा पनि कुनै घरमा बाहिरबाट हेर्दा पिलर देखिँदैन । पिलर सिस्टमकै घर हो, तर इँटाले छोप्न लगाएका छौँ । नभए टायल भए पनि राख्नुपर्छ । यसले पर्यटन प्रवर्द्धनमा ठुलो भूमिका खेलेको छ । भक्तपुर पर्यटकीय नगर हो । पर्यटकलाई नै आकर्षित गर्न यहाँको मौलिकता कायम रहनुपर्छ । आधुनिक घरहरू हेर्न त को आउँछ र ?

पुनर्निर्माण लगभग अन्तिम चरणमा छ । मुद्दा-मामिला परेका एकाध निजी घरबाहेक बाँकीको पुनर्निर्माण भइसकेको छ । यहाँको कला र संस्कृतिको संरक्षणका लागि पनि काम भइरहेका छन् । कपाली समुदायले बजाउने मुहाली बाजा झन्डै लोप हुने अवस्थामा पुगिसकेको रहेछ । पछिल्ला पाँच-सात वर्षको अवधिमा ११-१२ जना नयाँ पुस्ताले मुहाली बाजा बजाउन सिकेका छन् ।

भूकम्पले भत्किएका विद्यालय पनि नगरपालिका आफैँले पुनर्निर्माण गर्‍यो । पुनर्निर्माणसँगै शैक्षिकस्तर बढाउनका लागि पनि प्रयास गरिरहेका छौँ । सामुदायिक र निजी स्कूलबिच भेद कम गरेका छौँ । शिक्षाको गुणस्तर राम्रो भए मात्रै जनता सचेत हुन्छन् भन्ने हाम्रो मान्यता हो । पाँच कक्षा, आठ कक्षा र १० कक्षामा गरी तीन चरणको नगरस्तरीय परीक्षा लिन्छौँ । शिक्षकहरूलाई पनि तालिम दिएर अब्बल बनाइरहेका छौँ । कालान्तरमा उनीहरू जुनसुकै जिल्लामा गएर काम गर्दा पनि भक्तपुरबाट सिकेर आएको भन्दा हामीलाई गर्व हुनेछ । बीउ राम्रो भएपछि नै उत्पादन राम्रो हुने भएकाले शिक्षकलाई प्रशिक्षण र तालिम पर्याप्त उपलब्ध गराउने गरेका हौँ । नगरपालिकाले आफ्नै लगानीमा दुईवटा इन्जिनियरिङ कलेजसहित उच्च शिक्षा प्रदान गर्ने सातवटा शैक्षिक संस्था सञ्चालन गरेको छ । वडा-वडामा शिशु स्याहार केन्द्र चलाइरहेका छौँ ।

विद्यालयमा पाठ्यक्रममा नेवारी संस्कृतिबारे पनि पढाइरहेका छौँ । पूर्णिमा, सकिमना पूर्णिमा, गठेमङ्गल, बिस्का जात्रा, दसैं, तिहारलगायत यहाँका संस्कृति, जात्रा र महोत्सवबारे पढाइ हुन्छ । रञ्जना लिपि कोर्समै राखेका छौँ । हामीले नागरिकको स्वास्थ्य र शिक्षालाई सधैँ प्राथमिकतामा राखेका छौँ । भूकम्पले भक्तपुर अस्पतालमा क्षति पुगेको थियो । त्यो प्रादेशिक अस्पताल हो । नयाँ भवन निर्माण भइसकेको छ । नगरपालिकाले ख्वप अस्पताल सञ्चालन गरिरहेको छ ।

यहाँ गएको आर्थिक वर्ष ७० जिल्लाका दुई लाख २० हजारभन्दा बढीले स्वास्थ्य सेवा लिए । पछिल्लो नौ महिनामा एक लाख ७८ हजारले सेवा लिइसकेका छन् । नगरपालिकामा ९० जना स्वास्थ्य स्वयंसेविका छन् । नर्सको नेतृत्वमा स्वयंसेविकाको टोली घरघरमै पुगेर सुत्केरी, ज्येष्ठ नागरिक, बिरामीलगायतको चेकजाँच गर्छ । वडावडामा डाक्टरसहितको स्वास्थ्यकेन्द्र छ । केही वडामा विशेषज्ञ डाक्टरसहितको सेवा छ । प्रत्येक नगरवासी २० मिनेटमा स्वास्थ्य केन्द्रसम्म पुग्न सक्छन् ।

कोभिडकालमा जनस्वास्थ्य केन्द्रलाई नै कोभिड अस्पतालका रूपमा बदल्यौँ । धेरै जिल्लाका मानिसले यहाँ सेवा लिए । जनस्तरको सहयोगबाट दैनिक एक सय २४ सिलिन्डर क्षमताको अक्सिजन प्लान्ट तयार भयो । अहिले नगरवासीहरूले अक्सिजनका लागि पैसा तिर्नुपर्दैन । रगतका लागि रेडक्रससँग सम्झौता गरेका छौँ, नगरवासीका लागि सबै रगत नि:शुल्क वितरण गर्छौं ।

जनताको विश्वास जित्न सक्दा लडेर पनि छोटो समयमै उठ्न सकिनेरहेछ । जनताको विश्वास भएन भने कुनै पनि परियोजना सफल नहुनेरहेछ । स्थानीय तहले अहिले धेरै अधिकार पाएका छन् । आफूसँग भएको स्रोतलाई उपयोगमा ल्याउन सक्नुपर्नेरहेछ ।

सङ्घ र प्रदेश सरकारबाट बजेटमा पक्षपात भएको हाम्रो अनुभव छ । यो वर्ष वाग्मती प्रदेशबाट भक्तपुरलाई आउने बजेट शून्यजस्तै छ । कानुनअनुसार पाउनुपर्ने समपूरक अनुदान, विशेष अनुदान पनि पाएका छैनौँ । जब कि, यस्तो अनुदान त देशैभरका सबै नगरपालिकाले पाउँछन् ।

*स्रोत : झन् नयाँ*

# स्वदेशमै रोजगारको व्यवस्था भए युवाहरू विदेश पलायन नहुने

भक्तपुर, १७ वैशाख । नेपाल मजदुर किसान पार्टी चाँगुनारायण २ वडा एकाइ समितिको आयोजनामा वडा नं. २ मा १३५ औँ अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा स्थानीयहरूको भेला भयो ।

उक्त भेलामा नेपाल मजदुर किसान पार्टीका सचिव एवं सांसद प्रेम सुवालले स्वदेशमै रोजगारको व्यवस्था भए युवाहरू विदेश पलायन नहुने विचार व्यक्त गर्नुभयो ।

देशका कलकारखानाहरू कहिले बन्द र कहिले निजीकरण गरिएको कारण बेरोजगारी समस्या बढेको उल्लेख गर्दै उहाँले देशमा आर्थिक समस्या निम्त्याउने काम सत्तासीन दलका नेताहरूले गरिरहेको बताउनुभयो ।

भारतीय पक्षले मिचेको नेपाली भूमि फिर्ता लिन सरकारले पहल गर्नुपर्ने आवश्यकता पनि उहाँले औँल्याउनुभयो ।

कार्यक्रममा नेमकिपा चाँगुनारायण नगर समितिका अध्यक्ष न्हुछेभक्त फोजू, गोविन्दराम सुवाल, राजेन्द्र मलेपति, दिलनारायण श्रेष्ठ, भोजबहादुर अधिकारी, इन्द्रबहादुर श्रेष्ठ, रवि प्रजापति, हरिकृष्ण सुवाललगायतले बोल्नुभएको थियो ।

# चन्द्रागिरीमा मजदुर दिवस मनाइयो

काठमाडौँ, १७ वैशाख । नेपाल क्रान्तिकारी मजदुर सङ्घ चन्द्रागिरी नगर समितिको आयोजनामा १३५ औँ अन्तर्राष्ट्रिय श्रमिक दिवस बलम्बुमा आइतबार एक कार्यक्रम गरी मनाइयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य नारायण महर्जनले अन्तर्राष्ट्रिय मजदुर दिवसको इतिहास र महत्त्वबारे चर्चा गर्दै मजदुरहरूको हित समाजवादी व्यवस्थामा मात्र सुनिश्चित हुन्छ भन्नुभयो ।

समाजवादी क्रान्तिको लागि मजदुर-किसानलाई सचेत र सङ्गठित गरी अगाडि बढ्नुपर्ने आवश्यकता औँल्याउँदै उहाँले पार्टी कार्यकर्ताहरूले पार्टी प्रकाशनहरू नियमित अध्ययन गरी छलफल कार्यक्रम चलाउन सके जनतालाई राजनीतिकरूपमा सचेत पार्न सकिने धारणा राख्नुभयो ।

नेमकिपा चन्द्रागिरी नगर समितिका अध्यक्ष गुणदास महर्जनले पार्टीका कार्यकर्ताहरू जनताको सेवामा निरन्तर लाग्नुपर्ने बताउनुभयो ।

हरिशरण श्रेष्ठले मजदुर दिवसको इतिहास र उपलब्धिबारे जानकारी दिनुभयो ।

जितबहादुर महर्जनले मजदुर दिवस मजदुरको हक अधिकार प्राप्त भएको दिनको सम्झनामा मनाउँदै आएको बताउनुभयो ।

पुनम महर्जन, शान्त महर्जन, चन्देश्वरी महर्जन, रोशन श्रेष्ठ, किरण महर्जनले पनि बोल्नुभएको थियो ।

## हार्दिक समवेदना



जन्म : २००९/08/१० 
निधन : २०८१/०१/१४

यस विद्यालयका शिक्षक बालाजित राईका पिता **रत्नबहादुर राई**को असामयिक निधन भएकोमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

**भुवनेश्वरी माध्यमिक विद्यालय**
नंखेल, सूर्यविनायक नगरपालिका-९, भक्तपुर

## सम्पद् बचत तथा ऋण सहकारी संस्था लि.

कमलविनायक-९, भक्तपुर, फोन नं. ०१-६६११७७३

### ऋणको सावाँ ब्याज तिर्न आउने सम्बन्धी सूचना

प्रकाशित मिति : २०८१।०१।१८

यस सम्पद् बचत तथा ऋण सहकारी संस्था लि. बाट तपाईं चन्द्रमाया गुरुङले व्यवसाय कार्य गर्न बापत लिनुभएको ऋण, ऋण लिँदादेखि हालसम्म पनि संस्थामा कुनै सम्पर्क नगरी सम्पर्कविहीन भई ऋण लिँदा गरिदिएको लिखत तथा सर्तबमोजिम सावाँ, ब्याज, हर्जना समयमा नै नबुझाई बस्नुभएकोले कर्जाबापत बुझाउनुपर्ने सावाँ, ब्याज, हर्जना आजको यो सूचना प्रकाशित मितिले १५ दिनभित्र तिर्न तथा सम्पर्क राख्न आउनुहुनको लागि मिति २०८०।०९।२२ गते सूचना प्रकाशित गरिएकोमा उक्त सूचनालाई बेवास्ता गरी अतेरी भई बस्नुभएकोले यो सूचना प्रकाशित मितिले १५ दिनभित्र उक्त ऋण तिर्न आउनुहुनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

यो सूचनाको बेवास्ता गरी संस्थामा बुझाउनुपर्ने ऋणको सावाँ, ब्याज, हर्जना रकम नबुझाएको खण्डमा सहकारी ऐन-२०७४, सहकारी नियमावली-२०७५ र संस्थाको ऋण असुली नीति-२०६९ तथा नेपाल सरकारको प्रचलित कानुनबमोजिम कानुनी कारबाही भई जाने व्यहोरा जानकारी गराइन्छ ।

ऋणीको नाम: चन्द्रमाया गुरुङ
साबिक ठेगाना: झापा जिल्ला, केरखा गाविस-५
हालको ठेगाना: भ.न.पा., लांचाफल्चा, कमलविनायक-१०
बाबु : जगनाथ गुरुङ
श्रीमान् : सुवास गुरुङ



## वागीश्वरी माध्यमिक विद्यालय

च्याम्हासिङ्-९, भक्तपुर

### शिक्षक आवश्यकतासम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८१।०१।१८)

यस विद्यालयमा तपसिलका शिक्षकहरू आन्तरिक स्रोतबाट पदपूर्ति गर्नुपर्ने भएकोले इच्छुक योग्यता पुगेका नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र विद्यालय प्रशासनबाट रु.१००। तिरी प्राप्त गरेको आवेदन फारम भरी शैक्षिक योग्यताको प्रमाणपत्र, नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि र परीक्षा दस्तुर साथ बुझाउनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

| पद | विषय | पद सङ्ख्या | न्यूनतम शैक्षिक योग्यता | उमेर | परीक्षाको किसिम | परीक्षा शुल्क | कैफियत |
|---|---|---|---|---|---|---|---|
| निमावि शिक्षक | कम्प्युटर | २ (दुई) | कक्षा १२ वा सो सरह उत्तीर्ण गरी कम्प्युटर तालिम प्राप्त | १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको | लिखित, प्रयोगात्मक अन्तर्वार्ता | रु.५००। | अनुभवीलाई विशेष ग्राह्यता |


पदपूर्ति समिति
फोन नं.०१-६६१४३९१, ६६१०२७०

## सिद्धि गणेश कर्नर

हरेक मङ्गलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौं ।

### स्वास्थ्य शिविरसम्बन्धी सूचना

यस उपसमितिको आयोजनामा देहायअनुसारका मिति, समय र स्थानमा सञ्चालन हुने **नाक, कान र घाँटी सम्बन्धी निःशुल्क स्वास्थ्य शिविर**मा सहभागी हुन इच्छुक सदस्यहरूलाई सूचित गराइन्छ ।




**कार्यक्रम**
मिति : २०८१ वैशाख २४ गते, सोमबार
समय : बिहान ७:३० देखि १० बजेसम्म
स्थान : यातु गणेश मन्दिर परिसर, कमलविनायक

**यातु गणेश सेवा केन्द्र व्यवस्थापन उपसमिति**

### कर्मचारी आवश्यकतासम्बन्धी सूचना

यस संस्थाको स्वास्थ्य क्लिनिक तथा तालिम हलका लागि रात्रिकालीन सुरक्षा गार्ड करारमा नियुक्ति गर्नुपर्ने भएकोले योग्य नेपाली नागरिकहरूबाट **मिति २०८१ वैशाख १८ गते**भित्र दर्खास्त आह्वान गरिएको छ ।

**विज्ञापन नं. १**

**पद** : रात्रिकालीन सुरक्षा गार्ड, **सङ्ख्या** : १ (एक), **न्यूनतम शैक्षिक योग्यता** : साधारण लेखपढ, **परीक्षा** : अर्न्तवार्ता, **वान्छनीय योग्यता** : सरसफाइसम्बन्धी ज्ञान भएको, **उमेर** : २१ वर्ष नाघेको (सञ्चालक समितिको मिति २०८१ वैशाख १७ गतेको निर्णयानुसार) ।

***सम्पर्क मिति : २०८१ वैशाख २० गते, तलब स्केल : संस्थाको नियमानुसार***
**पुनश्च** : परीक्षा मिति, समय र स्थान सम्पर्क मितिमा प्रकाशित गरिने छ ।

**व्यवस्थापक**

### गतिविधि






शिक्षा उपसमितिको आयोजनामा सम्पन्न अनिवार्य शिक्षा शिविरमा आफ्नो मन्तव्य राख्नुहुँदै संस्थाका पूर्वअध्यक्ष एवं सञ्चालक सदस्य हरिरत्न गोर्खाली तथा कार्यक्रममा सहभागी सदस्यहरू । वैशाख १५

'सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश'

**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**

चोर्चा-७, भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्रयातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५
Website : www.sgsaccos.com.np, E-mail : sgsaccos@hotmail.com

ACCESS BRONZE

## हार्दिक श्रद्धाञ्जली



**रामकृष्ण प्रजापति**

**जन्म : २०१४/१२/२७ निधन: २०८१/०१/१५**

यस संस्थाका संस्थापक एवं सल्लाहकार सदस्य नं. १२ का **रामकृष्ण प्रजापति**को अकल्पनीय र असामयिक निधनले हामी स्तब्ध भएका छौँ । आज चौथो दिन (लक्च) को पुण्यतिथिमा दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौँ । यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्रदान गरून् भनी हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

**भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि. परिवार**

च्याम्हासिंह, भनपा -९, फो.नं. ६६१४६८६

प्रकाशक तथा कार्यकारी सम्पादक : उद्धव सुजखु★सम्पादक : विष्णुगोपाल कुसी★कार्यालय : कमलविनायक, भक्तपुर★फोन नं. ६६१०९२१, विज्ञापन शाखा - ६६१९१०७/६६२०५५९ फ्याक्स : ६६१३२०७★E-mail: majdurdaily@gmail.com★मुद्रक : सिद्धिगणेश अफसेट प्रेस, चोर्चा